www.souryaonline.com

# सौर्य दैनिक

वर्ष ११ अंक ३२४ | शुक्रबार, ६ माघ २०७९ | SOURYA NATIONAL DAILY | Friday, 20 January 2023 | पृष्ठ : ८ | मूल्य रू. ५

■ सिडिओ सरुवा नियमावली

## आफ्नै जिल्लामा सिडिओ हुन नपाउने

■ सौर्य समाचार

काठमाडौं, । गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी (सिडिओ)हरूको सरुवाका लागि सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी पहिलोपटक कार्यविधि बनाई लागू गरेको छ ।

सबैलाई सबै ठाउँमा अवसर र अनुभव प्राप्त हुने गरी मन्त्रालयले 'प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्ने वा कामकाज गर्न खटाउनेसम्बन्धी कार्यविधि २०७९' तयार पारी लागू गरेको हो । उक्त कार्यविधिअनुसार अब भने कुनै पनि सिडिओले आफ्नो गृहजिल्लामा सरुवा हुन पाउने छैनन् ।

"अब छिट्टै हुने सरुवा नै त्यही कार्यविधिमा टेकेर हुन्छ", गृहसचिव विनोदप्रकाश सिंहले भने, "सरुवालाई निष्पक्ष, पारदर्शी




र व्यवस्थित गर्न कार्यविधि महत्वपूर्ण हुने विश्वास छ ।"उनका अनुसार गृहमन्त्री रवि लामिछानेको निर्देशनमा उक्त कार्यविधि बनाई लागू गरिएको छ । यसअघि सरुवा बढुवामा राजनीतिक हस्तक्षप भएको भनी आरोप लाग्दै आएको थियो ।

"विगतमा धेरै मान्छे एउटै क्षेत्रमा बस्ने अवस्था रह्यो सबैलाई सबै ठाउँको अवसर र अनुभव होस् भन्ने उद्देश्यले कार्यविधि बनाएर लागू गरिएको हो", गृहप्रवक्ता फणिन्द्रमणि पोखरेलले भने । नेतृत्व, समन्वय, क्षमता, सुरक्षा व्यवस्थासम्बन्धी ज्ञान, स्थनीयस्तरको कार्य अनुभव, रुचि, दक्षता र वरिष्ठताका आधारमा सरल, पारदर्शी एवं अनुमानयोग्यरूपमा गर्न वाञ्छनीय भएकाले कार्यविधि ल्याइएको गृह मन्त्रालयले जनाएको छ । राजपत्राङ्कित प्रथम श्रेणीको प्रजिअको

बाँकी पृष्ठ २

# सभामुखमा घिमिरे, पक्षमा १ सय ६७ विपक्षमा एक सय मत



## उपसभामुखको निर्वाचन शनिबार

सभामुखको निर्देशनपछि संसद् सचिवालयले बिहीबारै उपसभामुखको निर्वाचन कार्यतालिका सार्वजनिक गरेको छ ।

जसमा माघ ६ गते शुक्रबार दिउँसो १ देखि ४ बजेसम्म उम्मेदवारी दर्ता र सोही दिन सवा चार बजे उम्मेदवारको सूची प्रकाशित गरिनेछ ।

माघ ७ शनिबार १ बजे बस्ने प्रतिनिधि सभामा उम्मेदवारको प्रस्तावमाथि छलफल निणार्यथ प्रस्तुत गर्ने कार्यक्रम छ ।

उपसभमुखमा कसलाई उम्मेदवार बनाउने भन्ने बिषयमा सत्तासीन तथा विपक्षीदलबीच कुनै निर्णय भएको छैन। नेपालको संविधान अनुसार सभामुख र उपसभामुख फरक पार्टी र समूदयाबाट हुने प्राधान छ ।

■ सौर्य समाचार

प्रतिनिधिसभाको सभामुख पदमा नेकपा (एमाले)का उम्मेदवार सांसद देवराज घिमिरे निर्वाचित भएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा उनलाई मतदान गर्ने पक्षमा एक सय ६७ मत खसेको थियो । उक्त प्रस्तावको विपक्षमा एक सय मत खसेको थियो । मतदानमा दुई सय ६८ले भाग लिएका थिए । एक मत तटस्थ रहेको थियो ।

मतदान प्रक्रियापछि प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराले मत विभाजनको नतिजाबारे जानकारी दिँदै सदनको हाल कायम सङ्ख्याको बहुमत प्राप्त गरेकोले घिमिरे सभामुखमा निर्वाचित भएको घोषणा गरे । उक्त प्रक्रियामा पाँचजना सांसद अनुपस्थित रहेका थिए । संघीय संसद सचिवालयका अनुसार सभामुख चयन प्रक्रियामा उपस्थित नभएका सांसदहरुमा वर्षमान पुन, विनाकुमारी थनैत, मनोरमा शेरचन, सपना राजभण्डारी र लक्ष्मी महतो कोइरी छन् ।

सभामुखमा सत्तारुढ दलको तर्फबाट घिमिरे र कांग्रेसको तर्फबाट ईश्वरीदेवी न्यौपानेले उम्मेदवारी दिएका थिए । घिमिरेलाई सभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा १६७ मत र विपक्षमा १०० मात्र मत र मत दिन्न भन्नेमा १ मत परेको छ । बैठकमा २६८ सांसद उपस्थित थिए ।

१६७ मत पाएसँगै घिमिरेलाई सभामुखमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित गरेको ज्येष्ठ सदस्य राणाले जानकारी दिए । घिमिरेको पक्षमा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जनमत, जसपा, नागरिक उन्मुक्ति पार्टीको समर्थन थियो । घिमिरे निर्वाचित भएसँगै न्यौपानेलाई सभामुखमा निर्वाचित गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु नपर्ने ज्येष्ठ सदस्य राणाले जानकारी दिए । न्यौपानेलाई कांग्रेस, एकीकृत समाजवादी, लोसपा, जनमोर्चाको समर्थन थियो ।

घिमिरेको प्रस्तावकमा एमालेका उपाध्यक्ष सुवास नेम्वाङ र समर्थकमा नेकपा (माओवादी केन्द्र)का संसदीय दलका प्रमुख सचेतक हीतराज पाण्डे, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन एवं राष्ट्रिय स्वजतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछाने हुनुहुन्थ्यो । नेपाली कांग्रेसका ईश्वरीदेवी न्यौपानको प्रस्तावकमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा र समर्थकमा नेकपा (एकीकृत समाजवादी)का नेता प्रकाश ज्वाला थिए ।

एमालेका घिमिरेलाई सत्ता साझेदार एमाले, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्तवन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीलगायत राजनीतिक दल तथा केही स्वतन्त्र सांसदको समर्थन रहेको थियो । विसं २०१३ मा ताप्लेजुङमा जन्मेका घिमिरे २०५६ देखि २०६० सालसम्म राष्ट्रियसभा सांसद थिए । उनी प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ मा झापा क्षेत्र नं २ बाट निर्वाचित भएका थिए । उनले विद्यार्थी सङ्गठनबाट राजनीति सुरु गरेका थिए । उनी २०४९ मा एमालेको बैकल्पिक केन्द्रीय सदस्य थिए । घिमिरेले एमालेको स्वास्थ्य विभागको अध्यक्ष भएर काम गरिसकेका छन् । हाल उनी एमालेको स्थायी समिति सदस्य र प्रदेश नं १ को इञ्चार्ज छन् । सङ्घीय संसद्को पहिलो बैठक बसेको १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यमध्येबाट सभामुख निर्वाचित गर्ने संवैधानिक व्यवस्था छ । प्रतिनिधिसभाको पहिलो बैठक गत पुस २५ गते बसेको थियो । नेपाली जनताको सर्वभौमसत्ता सम्पन्न सर्वोच्च थलोका रुपमा प्रतिनिधिसभा रहिआएको छ ।

**घिमिरे र न्यौपानेको पक्ष र विपक्षमा सांसदहरु**

यस अघि प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुले आआफ्ना सभामुख पदका उम्मेदवारको पक्षमा मतदान गर्न आग्रह गरेका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सत्तागठबन्धन र विपक्षी गठबन्धनबाट सभामुखको चयनका लागि दुई बेग्लाबेग्लै प्रस्ताव प्रस्तुत गरिए । नेकपा (एमाले)का सुवास नेम्वाङले देवराज घिमिरेलाई सभामुखमा निर्वाचित गरियोस् भनी प्रस्तुत गरेका थिए । प्रस्तावकमा नेकपा (माओवादी केन्द्र)का संसदीय दलका प्रमुख सचेतक हीतराज पाण्डे, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन एवं राष्ट्रिय स्वजतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछानले समर्थक गरेका थिए ।

यसैगरी कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले विपक्षी गठबन्धनको तर्फबाट ईश्वरीदेवी न्यौपानेलाई सभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तुत गरेको प्रस्तावमा नेकपा (एकीकृत समाजवादी)का सांसद प्रकाश ज्वालाले समर्थन गरेका थिए । दुवै प्रस्तावको छलफलका क्रममा सांसदहरुले आआफ्नो धारणा व्यक्त गरेका

बाँकी पृष्ठ २

## विमान दुर्घटनापछि हवाई यात्रु घटे



■ सौर्य समाचार

भरतपुर। यही माघ १ गते पोखरामा यती एयरलाइन्सको विमान दुर्घटनाको प्रभाव चितवनमा पनि परेको छ । पोखरामा जहाज दुर्घटना भएसँगै हवाई यात्रा गर्नेको सङ्ख्या घटेको हो ।

भरतपुर नागरिक उड्ययन कार्यालयका अनुसार माघ १ देखि भरतपुरबाट काठमाडौं जाने र आउनेको सङ्ख्या घट्दै गएको हो । कार्यालयका निमित्त प्रमुख दीपक विकेका अनुसार पुस २८ मा दुई सय ६० जना, पुस २९ मा तीन सय २५ जना, पुस ३० मा दुई सय ६० जना भरतपुरबाट हवाई मार्ग हुँदै काठमाडौं गएका थिए । माघ १ मा खराब मौसमका कारण उडान हुन सकेको थिएन ।

पोखरामा विमान दुर्घटना भएपछि माघ २ मा एक सय ९९ जना, माघ ३ मा एक सय ६८ जना र माघ ४ मा एक सय ८७ जनाले यहाँबाट हवाई यात्रा गरेका छन् । भरतपुर-काठमाडौं रुटका साथै काठमाडौं-भरतपुर रुटमा पनि हवाई यात्रुको सङ्ख्या घटेको छ । कार्यालयका अनुसार पुस २८ मा तीन सय २१ जना, पुस २९ मा तीन सय १९ जना र पुस ३० गते तीन सय १३ जना यात्रु काठमाडौंबाट भरतपुर आएका थिए । यस्तै माघ २ मा एक सय ३८ जना, माघ ३ मा एक सय ८२ जना र माघ ४ मा दुई सय सात जना हवाई मार्ग हुँदै काठमाडौंबाट चितवन आएका छन् ।

अहिले भरतपुर विमानस्थलबाट दैनिक ८ देखि १० वटा उडान हुँदै आएको छ । जस अन्तर्गत गुण एयरलाइन्सले काठमाडौं-भरतपुर-काठमाडौं र बुध्द एयरले भरतपुर-पोखरा-भरतपुर रुटमा दैनिक एक उडान र काठमाडौं-भरतपुर-काठमाडौं रुटमा दैनिक आठ वटा उडान गर्दै आएको छ । विकेले भरतपुर विमानस्थलमा हवाई सुरक्षामा

बाँकी पृष्ठ २

# खर्च कटौती गर्न अर्थको १७ बुँदे निर्देशन




■ सौर्य समाचार

काठमाडौं । अर्थमन्त्रालयले मातहतका सबै महाशाखालाई खर्च कटौती गर्न १७ बुँदे निर्देशन दिएको छ । 'चालु खर्च घटाउने सम्बन्धी मापदण्ड, २०७९' जारी गर्दै अर्थले त्यस्तो निर्देशन दिएको हो । अर्थले खर्च कटौती गर्न मापदण्ड नै तयार पारेको छ ।

नयाँ मापदण्डमा बोतलको पानी विस्थापन गर्ने, बजेट निर्माणमा अतिरिक्त समय काम गर्ने कर्मचारीलाई दिँदै आएको भत्ता रकममा पनि कटौती गर्ने, स्वदेशी तथा विदेशी भ्रमणलाई निरुत्साहित गर्ने जस्ता बिषयलाई समावेश गरिएको छ। सरकारले सार्वजनिक गरेको न्यूनतम साझा कार्यक्रममा पनि चालु खर्च

> **"बैकल्पिक र किफायति सामानको प्रयोग गर्ने, पत्रिका खरिदका लागि नयाँ सदस्यता नलिने, मन्त्रालयले नियमित रुपमा छाप्ने बजेट सम्बन्धि पुस्तक वा अन्य पुस्तक छाप्न निरुत्साहन गरी वेभसाइटमा राख्ने, अति आवश्यक बाहेक सेमिनार, तालिम गोष्ठी नगर्ने र गर्नै पर्ने भए सरकारकी नीति बढी भएका लागत अनुमान स्विकृत नगर्ने, कार्यक्रम गर्दा मन्त्रमालयका सभाकक्ष र अन्य सरकारी निकायको भवन प्रयोग गर्ने उल्लेख छ**

कटौती गर्ने योजनालाई समावेश गरिएको थियो । सबै मन्त्रालयलाई खर्च कटौती गर्न पनि अर्थले आव्हान गरेको छ । खर्च कटौती गर्ने निर्देशमा अति आवश्यक बाहेकका स्वदेशी तथा विदेशी भ्रमणलाई निरुत्साहित गर्ने, दुइपांग्रे र चार पांग्रे सवारीसाधन सर्भिसिङ गर्दा आवश्यक भएमा मात्र मोबिल र लुब्रिकेन्ट फेर्ने , प्रत्येक पटक सर्भिसिङमा मोबिल लुब्रिकेन्ट फेरी रहनु नपर्ने, कार्यालयमा प्रयोग भएका पर्दा, कार्पेट तथा फर्निसिङको सामाग्रीको उच्चतम प्रयोग गर्ने, सम्भव भएसम्म नयाँ सामान खरिद नगर्ने लगायतका छन ।

यी भन्दा बाहेकमा सकेसम्म कार्यालय सामाग्रीको सन्दर्भमा बैकल्पिक र किफायति सामानको प्रयोग गर्ने, पत्रिका खरिदका लागि नयाँ सदस्यता नलिने, मन्त्रालयले नियमित रुपमा छाप्ने बजेट सम्बन्धि पुस्तक वा अन्य पुस्तक छाप्न निरुत्साहन गरी वेभसाइटमा

बाँकी पृष्ठ २

# सभामुखको कुर्सीमा ओलीको छायाँ

■ सौर्य समाचार



काठमाडौं । नेकपा एमालले २८ चैत ०५२ मा केपी ओलीको संयोजकत्वमा 'महाकाली सन्धि अध्ययन कार्यदल' गठन गर्‍यो। ओली कार्यदलको काम थियो महाकाली सन्धि। उनले सन्धि सुधारसहित अनुमोदन हुनुपर्ने प्रतिवेदन बुझाएका थिए । ३ असोज ०५३ को एमाले केन्द्रीय समितिको बैठकमा महाकाली सन्धिबारे भारतीय राजदूतबाट प्राप्त पत्रबारे छलफल भएको थियो । छलफलमा मतविभाजन हुँदा एमालेले ४ असोज ०५३ मा सन्धिबारे आन्तरिक मतदान गरेको थियो ।

एमाले केन्द्रीय समितिको बैठकको मतदानमा सन्धिको पक्ष-विपक्षमा १७-१७ मत परेको थियो । मतदानमा राजेन्द्र श्रेष्ठ र अष्टलक्ष्मी शाक्यले भाग नलिएपछि गोप्य मतदान गरिएको थियो । शिक्षण अस्पताल महाराजगञ्जमा रहेका अध्यक्ष मनमोहन अधिकारीको मत वैकल्पिक केन्द्रीय सदस्य देवराज घिमिरेले प्रयोग गरेका थिए। एमालेको तत्कालीन पार्टीको विधान अनुसार कुनै पूर्ण केन्द्रीय सदस्य त्यस्तो मतदानको बेला अनुपस्थित भएमा वरीयता अनुसार वैकल्पिक केन्द्रीय सदस्यले मतदान गर्न पाँउथे। घिमिरे त्यो बेला वैकल्पिक केन्द्रीय सदस्यको पहिलो नम्बरमा थिए। त्यसैले उनले अध्यक्ष अधिकारीको साटोमा मतदान गर्न पाएका थिए । उनी सानैदेखि ओलीको आज्ञापालक भएकोले महाकाली सन्धीको पक्षमा मतदान गरेका थिए । त्यसपछि तुलसीलाल अमात्यको मत बदर गरी सन्धिको पक्षमा १७ र विपक्षमा १६ मत देखाइएको थियो । सोही मतदानका आधारमा नेकपा एमालेले महाकाली सन्धिको पक्षमा मतदान गरेको थियो । नेपालको एउटा ऐतिहासिक कालखण्डमा उनले गर्न पाएको ठुलो निर्णयको परिणाम थियो त्यो ।

घिमिरे सोझा इमान्दार जस्ता देखिन्छन्। धेरैले उनीबारे टिप्पणी गर्छन- ओलीको आदेशबिना सास पनि फेर्दैनन् । उनी हाँस्न पनि ओलीलाई सोध्छन् र रुन पनि । उनी अहिले सभामुख भए,। उनको ब्यबहार कस्तो हुन्छ त्यो आगामी दिनले बताउला। तर धेरैको एउटै दाबी छ उनी ओलीको घेराभन्दा माथि उठेर आउने हिम्मत राख्ने छैनन् । उनलाई नजकिबाट चिन्नेहरु भन्छन् - घिमिरे संवैधानिक हिसाबमा प्रतिनिधिसभाका सभामुख हुन् , तर राजनीतिक हिसाबमा उनी ओलीको छायाँ हुन् । जसरी रामायणमा राम बनाबास गएको बेला सिंहासनमा खराउ राखेर उनका भाइ भरतले पूजा गरेर सासन चलाएका थिए उनी त्यसैगरी ओलीको खराउ राखेर सभामुखको कुर्सीमा बस्ने छन् र सभामुखीय शासन चलाउँनेछन् ।

प्रतिनिधिसभाको सभामुखमा घिमिरे निर्वाचित भएका छन् । बिहीबार बसेको प्रतिनिधिसभा बैठकमा भएको निर्वाचनमा सत्तारुढ दलका उम्मेदवार घिमिरे सभामुख पदमा निर्वाचित भएका ज्येष्ठ सदस्य पशुपति शमशेर राणाले जानकारी दिए । सभामुखमा सत्तारुढ दलको तर्फबाट घिमिरे र कांग्रेसको तर्फबाट ईश्वरीदेवी न्यौपानेले उम्मेदवारी दिएका थिए । घिमिरेलाई सभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा १६७ मत र विपक्षमा १०० मात्र मत र मत दिन्न भन्नेमा १ मत परेको छ ।

वि.सं. २०३१ सालमा झापा विद्रोहपछि नेपाल कम्युनिष्ट पार्टीको सम्पर्कमा रहेका घिमिरे २०३२ माघदेखि अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (कोके)गठनपछि विद्यार्थी संगठनमार्फत पार्टी काममा होमिएका हुन् । २०३३ सालमा आफ्नो शिक्षालाई थाती राखेर गाउँ-गाउँ पुगेर पार्टीको संगठन निर्माणमा खटिएका घिमिरेले भूमिगत भएर कोकेमा काम गरेको ३ वर्षपछि २०३५ साल भदौमा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गरे । घिमिरेले आफ्नो ४५

बाँकी पृष्ठ २

## सभामुखको...

लामो औपचारिक राजनीतिक जीवनमा बिभिन्न जिम्मेवारी पाएका छन् । २०३५ साल पुस ११ गते कम्युनिष्ट घटकहरु मिलेर नेकपा माले बनेपछि तेह्रथुम र पाँचथर जिल्लाको संगठक,

र २०३९ सालमा इलाम जिल्लाको पार्टी प्रमुख,को जिम्मेवारी उनले सम्हालेका थिए ।

२०४९ सालमा नेकपा माले र नेकपा मार्क्सवादीको एकीकरण पछि सम्पन्न नेकपा (एमाले) को पाँचौ राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय सदस्य २०५० सालमा नेकपा एमालेको मेची अञ्चल इन्चार्जका रुपमा उनले पार्टी जिम्वारी सम्हालीसकेका छन् । २०५८ सालमा केन्द्रीय विभाग अर्न्तगत स्वास्थ्य विभागको इन्चार्ज । त्यसपछि इन्जिनियरिङ विभाग, युवा संघ नेपाल, नेपाल राष्ट्रिय शिक्षक संगठन, प्रगतिशील प्राध्यापक संघको इन्चार्ज,को जिम्मेवारी उनले सम्हालेका छन् ।

२०७५ सालमा नेकपाको प्रदेश १ अध्यक्ष, र २०७८ सालमा सम्पन्न नेकपा एमालेको दसौं राष्ट्रिय महाधिवेशनबाट पार्टीको स्थायी कमिटी सदस्य तथा प्रदेश नम्बर १ इन्चार्ज,का रुपमा उनले हाल सम्म भूमिका निर्वाह गर्दै आएका छन् ।

## विमान...

कुनै खतरा नभएको भए पनि यात्रुमा मानसिक प्रभाव परेको हुनसक्ने बताए । विमानस्थल आसपासमा रहेका भौतिक संरचना विमानस्थल अनुसारको मापदण्ड अनुसार नबनेकाले केही समस्या भएको उनले बताए । भरतपुर विमानस्थलको धावनमार्गमा रहेका अप्ठ्याराका कारणसमेत यात्रुहरुलाई हवाई यात्रा असहज बनेको कार्यालयले जनाएको छ । धावनमार्ग वरपर दुई सय ५७ वटा घर मापदण्ड विपरीत बनेका छन् । अहिले विमानस्थलको धावनमार्ग एक हजार दुई सय मिटर छ । धावनमार्ग नजिक अग्ला घरका कारण विमानले पूरै धावनमार्ग प्रयोग गर्न नसक्ने अवस्था रहेको छ । यसैबीच यात्रुको चाप घटेपछि विमान कम्पनीले हवाई भाडासमेत घटाएका छन् । एकतर्फी भाडादर रु पाँच हजारसम्म रहेकोमा पछिल्ला दिनमा विमान कम्पनीले रु दुई हजार पाँच सय भाडा कायम गरेर अनलाइन टिकट बिक्री गरिरहेका छन् ।

## खर्च...

राख्ने, अति आवश्यक बाहेक सेमिनार, तालिम गोष्ठी नगर्ने र गर्नै पर्ने भए सरकारकी नीति बढी भएका लागत अनुमान स्विकृत नगर्ने, कार्यक्रम गर्दा मन्त्रमालयका सभाकक्ष र अन्य सरकारी निकायको भवन प्रयोग गर्ने उल्लेख छ ।

यो संगै सबै महाशाखाका लागि छुट्याएका कार्यक्रमको प्राथमिकीकरण गरी अति आवश्यक कार्यक्रमहरु मात्र गर्ने, चालु आर्थिक वर्षमा स्विकृत कार्यक्रम पुनरावलोकन गरी अहिले नगर्दा पनि हुने कामलाई स्थगित गर्ने, बैठक र अतिथि सत्कारका लागि छुट्याएको बाहेक, खाना खाजा सरकारी खर्चबाट भुक्तानी नगर्ने, बजेट निर्माणका समयमा अतिरिक्त बिहान बेलुका काम गर्ने आएको प्रतिदिन ६ सयलाई ३ सय मात्र दिने निर्देशन दिएको छ ।

अति आवश्यकविना एसी, हिटर, पंखाको प्रयोग नगर्ने, बोतलको पानीलाई निरुत्साहित गरी जारको पानी प्रयोगलाई प्रोत्साहन गर्ने, कार्यालयमा प्रयोग हुने टोनर र कार्टेजलाई मिलेसम्म रिफिल गरेर प्रयोग गर्ने,अनावश्यक विज्ञापन, सूचना प्रकाशन तथा पत्रपत्रिकालाई निरुत्साहन गर्ने, स्वीकृत दरबन्दी र कार्यक्रममा समावेश भएको बाहेक करार तथा ज्यालादारीको कामदार नराख्ने, मन्त्रालयको विद्यमान जनशक्तिबाट सम्पादन हुन सक्ने कामका लागि बाह्य परामर्श सेवा खरिद नगर्ने, बैठक कार्यालय समयभित्र गर्ने व्यवस्था मिलाउने, कार्यालय समयभित्र गर्न नसकी अगाडि वा पछाडि बस्नुपर्ने भएमा नगरी नहुने मात्र गर्ने, अति आवश्यकबाहेक थोरै र पटके रुपमा प्रयोग हुने सामान स्टक नराख्ने जस्ता निर्देशन दिएको छ ।

## आफ्नै...

हकमा 'क' वर्गको जिल्ला, मन्त्रालय, विभाग वा अन्तर्गत कम्तीमा एक वर्ष काम गरेको, राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतलाई खटाउनुपर्ने अवस्थामा उक्त श्रेणीको पदमा कम्तीमा पाँच वर्षको प्रशासनिक क्षेत्रको कार्यानुभव भएको र कानुनमा स्नाताक तह उत्तीर्ण वा मान्यताप्राप्त संस्थाबाट कम्तीमा तीन महिनाको न्याय तथा कानुनसम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्नेछ।

यस्तै राजपत्राङ्कित द्वितीय श्रेणीको प्रजिअको हकमा राजपत्राङ्कित द्वितीय श्रेणीको सहायक प्रजिअ वा इलाका प्रशासन कार्यालयको प्रमुख भई वा मन्त्रालय विभाग वा अन्तर्गत कम्तीमा एक वर्ष काम गरेको हुनुपर्नेछ। यस्तै कानुनमा स्नातक तह उत्तीर्ण भएको वा मान्यताप्राप्त संस्थाबाट कम्तीमा तीन महिनाको न्याय तथा कानुनसम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्नेछ । निर्देशिकामा पहिलोपटक प्रमुख जिल्ला अधिकारीको सरुवा गर्दा मन्त्रालय विभाग वा अन्तर्गत कार्यालयमा कार्यरत राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणीका अधिकृतमध्ये वरिष्ठ अधिकृतलाई खटाइने छ ।

काठमाडौँ उपत्यकाका जिल्लामा खटाउँदा 'ख' र 'ग' वर्गका जिल्लामा प्रजिअ भई अनुभव हासिल गरेका अधिकृतलाई र प्रदेश राजधानी भएको जिल्लाको हकमा मन्त्रालय, विभाग वा अन्तर्गत कार्यालय वा प्रजिअ भई कार्य गरिसकेका अधिकृतलाई तथा गृहसचिव र प्रमुख जिल्ला अधिकारीबीच हुने कार्यसम्पादन सम्झौताको मूल्याङ्कनमा उत्कृष्ट हुने तीन जिल्लाका प्रजिअलाई प्राथमिकता दिइनेछ ।

कार्यविधिमा पदस्थापन वा सरुवा नगरिने अवस्थासमेत तोकिएको छ । जसअनुसार विभागीय सजाय पाएका, कारबाही प्रक्रिया सुरु भएकामा नटुङ्गिँदासम्म, कार्यसम्पादन सम्झौतामा ९० प्रतिशतभन्दा कम अङ्क ल्याई अन्तिम तीनमा रहने जिल्लाका अधिकारीलाई अर्को जिल्लामा जिम्मेवारी नदिइने उल्लेख छ ।

अधिकृतको स्थायी ठेगाना भएको जिल्लामा प्रजिअको रूपमा पदस्थापन सरुवा वा काजमा नखटाइने कार्यविधिको बुँदा ५ (ङ) मा उल्लेख छ । कुनै पनि एक प्रदेशमा एक अवधि पूरा गरेका अधिकृतलाई पुनः सोही प्रदेशको अर्को जिल्लामा पनि खटाइने छैन । पदस्थापनका लागि जिल्लाको वर्गीकरणलाई आधार मानिने उल्लेख छ । राजपत्राङ्कित प्रथम श्रेणीको प्रजिअलाई सरुवा गर्ने प्रयोजनका लागि ६१ जिल्लालाई क, ख र गमा वर्गीकरण गरिएको छ । राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई पहिलोपटक प्रजिअको रूपमा खटाउँदा ख र ग वर्गका जिल्लामा खटाइने छ । तर मन्त्रालयको महाशाखा प्रमुख वा विभागमा महानिर्देशक भई न्यूनतम एक वर्ष कार्य गरेको अधिकृतलाई क वर्गको जिल्लामा खटाउन बाधा नपर्ने कार्यविधिमा उल्लेख छ ।

राजपत्राङ्कित द्वितीय श्रेणीको प्रजिअ रहने जिल्लामा प्रजिअ खटाउँदा मन्त्रालय, विभाग वा अन्तर्गतका कार्यालयमा कम्तीमा एक वर्ष काम गरेको हुनुपर्ने छ । ग वर्गको जिल्लामा प्रजिअ भएको अधिकृतलाई ख र क वर्गको जिल्लामा प्रजिअमा खटाइने छ । इच्छाविपरीत पुनः ग मा खटाइने छैन ।

कार्यविधिमा क वर्गको जिल्लामा भइरहेका अधिकृतलाई तत्काल क वर्गकै अर्को जिल्लामा खटाइने छैन । तर वार्षिक कार्यसम्पादन सम्झौताको मूल्याङ्कनमा उत्कृष्ट तीनवटा जिल्लामा प्रजिअलाई क बाट क वर्गकै जिल्लामा खटाउन बाधा नपर्ने उल्लेख छ । सरुवामा गृहसचिव र प्रजिअबीच हुने कार्यसम्पादन सम्झौताको अङ्कलाई समेत आधार मानिने उल्लेख छ ।

### कुन जिल्ला कुन वर्गमा ?

कार्यविधिमा काठमाडौँ, ललितपुर, कास्की, कैलाली, चितवन, झापा, पर्सा, बाँके, मकवानपुर, मोरङ, रुपन्देशी र सुनसरीलाई 'क' वर्गको जिल्लामा राखिएको छ ।

यस्तै इलाम, उदयपुर, कञ्चनपुर, कपिलवस्तु, काभ्रे, गोरखा, तनहुँ, दाङ, धनुषा, धादिङ, नवलपरासीपूर्व र पश्चिम, नुवाकोट, पाल्पा, बर्दिया, भक्तपुर, बारा, महोत्तरी, रौतहट, सिन्धुपाल्चोक, बाग्लुङ, सप्तरी, सर्लाही, स्याङ्जा, सिरहा, सिन्धुली र सुर्खेतलाई 'ख' वर्गमा राखिएको छ । यस्तै अछाम, अर्घाखाँची, ओखलढुङ्गा, खोटाङ, गुल्मी, जाजरको ।

## सभामुखमा...

सांसद विमलेन्द्र निधिले संविधान बनाउने क्रममा उल्लेखनीय भूमिका निर्वाह गर्नुभएकी न्यौपानेलाई सभामुखको पदमा विजयी गराउन आग्रह गरे । उनले राजनीतिक प्रतिस्पर्धालाई प्रतिशोधका रुपमा नभई प्रतिस्पर्धाका रुपमा हेरिनुपर्ने बताए ।

सांसद योगेशकुमार भट्टराईले प्रधानमन्त्रीलाई विश्वासको मत दिइए जस्तै सत्ता साझेदार दलका उम्मेदवार घिमिरेलाई मत दिन आग्रह गरे । सांसद माधव सापकोटाले सभाको अभिभावकरुपमा रहेको सभामुख सर्वसम्मतका आधारमा चयन हुँदा सदनको गरिमा उँचो हुने बताए । उनले सत्ता साझेदार दलको उम्मेदवार घिमिरेलाई साझा उम्मेदवारका रुपमा विजयी बनाउन आग्रह गरे । सांसद मनिष झाले कुनै सिद्धान्त, विचार र अभ्यासभन्दा व्यक्ति विशेषलाई प्राथमिकता राखेर चर्चा गरिने परिपाटीलाई सच्याउन आवश्यक रहेको बताए । उनले भने "हाम्रो अभ्यासले राजनीतिक संस्कार कति परिस्कृत भयो भन्ने सन्देश दिने भएकाले नवनिर्वाचित सभामुखले हालको अभ्यासमा सुधार गर्नुहुनेछ भन्ने अपेक्षा गर्छौं ।"

सांसद ज्ञानबहादुर शाहीले नवनिर्वाचित सांसदले प्रतिपक्षका आवाज पनि सुन्न सक्नुपर्ने बताए। सांसद प्रकाश अधिकारीले मतभेद न्यूनीकरण गरेर मुलुकलाई अगाडि लैजान नवनिर्वाचित सभामुखले भूमिका खेल्नुपर्ने बताए । "जनजीविकालाई सरल गराउनुपर्ने दायित्व छ, यही सदनबाट जनताको आशा अपेक्षा सम्बोधन गर्नेतर्फ ध्यान दिनुपर्ने छ", उनले भने।

सांसद राजेन्द्रप्रसाद पाण्डेले सङ्घीयताको पक्षधर एवं लोकतान्त्रिक गणतन्त्रलाई मनैदेखि स्वीकार गर्ने न्यौपानेलाई सभामुखमा विजयी गराउनुपर्ने बताए । सांसद चन्द्रकान्त राउतले सबै पक्षलाई एक ठाउँमा राखेर राष्ट्रिय सहमति कायम गर्नुपर्नेमा जोड दिँदै सत्ता साझेदारका दलका उम्मेदवार घिमिरेलाई मतदान गर्ने बताए ।

सांसद शरत्सिंह भण्डारीले सरकार सत्तापक्षको हुने र संसद् विपक्षी दलको हुनुपर्ने बताउँदै सभामुखमा प्रतिपक्षीको प्रतिनिधित्व हुनुपर्ने बताए । उनले आफ्नो पार्टीले विपक्षी गठबन्धनको तर्फबाट सभामुखका उम्मेदवार बनेका कांग्रेसका ईश्वरी न्यौपानेलाई मतदान गर्न सबैलाई आग्रह गरे । सांसद गङ्गाराम चौधरीले आफूहरुले सत्ताको भागबण्डाभन्दा पनि न्याय खोजेको बताउँदै सभामुख निर्वाचनका प्रस्तावका सम्बन्धमा आफू घिमिरेका पक्षमा रहेको बताए ।

सांसद प्रेम सुवालले सदनमा सांसदको सङ्ख्याभन्दा पनि उनीहरुले उठाउने जनजीविकाका सवालमा बोल्ने विषय महत्वपूर्ण हुने बताउँदै सरकारलाई जनताका पक्षका काम गर्न आग्रह गरे ।

सांसद चित्रबहादुर केसीले सत्ताका लागि जे पनि गर्ने प्रवृत्तिले संसदीय प्रणाली धरापमा परेको बताउँदै सभामुखको मतदानका सम्बन्धमा आफूहरु कांग्रेसका उम्मदवार न्यौपाने पक्ष रहेको बताए । सांसद डा अमरेशकुमार सिंहले संसद् प्रतिपक्षी दलको हुने जनाउँदै हाम्रो राजनीतिक प्रणालीमा भने सरकारको प्रभावमा हुने गरेको टिप्पणी गरे । उनले आफू सभामुखका उम्मेदवार घिमिरेका पक्षमा रहेको जानकारी गराए ।

सांसद प्रभु साहले लोकतान्त्रिक विधिको यथार्थता कार्यान्वयन हुने हो भने धेरै सांसदले दलको 'ह्विप'भन्दा माथि उठेर आफ्नो विचार प्रस्तुत गर्ने बताउँदै आफू सभामुखका उम्मेदवार घिमिरेको पक्षमा रहेको बताए। सांसद योगेन्द्र मण्डलले सत्ता साझेदार दलका उम्मेदवार घिमिरेको पक्षमा आफू रहेको जानकारी गराउनुभयो ।

**नेचुरल हिमालयन फार्म प्रालिको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित २०७९/१०/६

यस कम्पनीको मिति २०७९/०९/१७ गते सम्पन्न विशेष साधारणसभाबाट नाम परिवर्तन गर्ने निर्णय भएबमोजिम यस नेचुरल हिमालयन फार्म प्रालिको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने ऋण, धन, दायित्व एवं कर, परिवर्तित नामको सेकोङ रिसोर्ट प्रालिले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७९/०९/२१ को निर्णयानुसार नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सेकोङ रिसोर्ट प्रालि. का.म.न.पा. वडा न-०२ काठमाण्डौ

---

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**बागमती प्रदेश, हेटौंडा**

**संशोधन सम्बन्धि सूचना**

प्रकाशित मिति : २०७९।१०।०६

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट मिति २०७९।०९।२९ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्राज्ञिक सेवा तर्फ करार सेवाको लागि दरखास्त आव्हान गर्न प्रकाशन गरेको सूचनामा तपशिलमा उल्लेख भए बमोजिम पद र योग्यता हुनुपर्ने पर्नेमा अन्यथा हुन गएकोले यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | पद | तह | सेवा | संख्या | शैक्षिक योग्यता/कार्यानुभव |
|---|---|---|---|---|---|
| ५ | Lecturer (Pharmaceutics) Department of Pharmacy and Clinical Pharmacology | ९ (नवौं) | प्राध्यापन | १(एक) | • B. Pharmacy with Master in Pharmacy or equivalent with specialization in Pharmaceutical chemistry/industrial pharmacy/Pharmaceutical Technology<br>• Nepal Pharmacy Council registered (Specialized) |
| १७ | Lecturer (Hematology) | ९ (नवौं) | प्राध्यापन | १(एक) | • BMLT with Master's in Hematology or equivalent<br>• NHPC Registered |

---

**फाल्गुनन्द गाउँपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**फाक्तेप, पांचथर**
**१ नं प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

*सूचना प्रकाशित मिति :२०७९/१०/०६*

यस कार्यालयको मिति २०७९/०८/१४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये मुल्याङकन समितिबाट निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सुचना सम्बन्धित बोलपत्रदाता र अन्य सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| 1 | PRMW/NCB /02/2079/80 | Upgrading of Gelibhanjyang Chilingdin Phaktep Angsarang Mehelbote Khanda Roadway Works. | L.M.B. Nirman Sewa Pvt. Ltd., Phalgunanda RM-5, Panchthar | 62,56,704.94 \|- NPR | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

Tinau Rural Municipality
Office Of The Rural Municipal Executive
Dobhan ,Palpa

**Notice Of Invitation For Bids**

**Publication Date: 2079/10/06**

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bid from Nepalese eligible bidders for Construction of Different Structure at Khulkhule Park.as under NCB procedure.
2. Interested eligible Bidders may obtain further information From the office of Tinau Rural Municipality Phone No:075413064/9857077098 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp before 12:00 hrs. on 10 Falgun 2079 and Bid Opening will be held on same day at 13:00Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.

| Contract No. | Description of Works | Estimated Amount (With VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| TRM/NCB/WORK/ 03/2079-080. | Construction of Different Structure at Khulkhule Park. | 58,78,617.21 (With VAT) | 1,60,000/- | 3000/- | Online E-Bid. |

4. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Laxmi Bank Limited.
   Name of Office: Office of Tinau Rural Municipality Office Code no. : 801055003
   Office Account No: 08103000028 (For Bid Fee), Office Account No.:08103000185 (For Bid Security)

**Cheif Administrative Officer**

---

**बेलबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेलबारी, मोरङ**
**१ नं प्रदेश, नेपाल**

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/०६**

**दरभाउपत्रदाता स्वीकृत गर्ने आसयको सूचना**

प्रस्तुत विषयमा यस बेलबारी नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७९/०८/०८ गते ठेक्का नं BM/MOR/G/SQ-03-2079-080 Supply and Delivery of Lab chemical and Equipment for Belbari Nagar Hospital शिलवन्दी दरभाउपत्र को सूचना आह्वान गरिएकोमा यस कार्यालयमा दर्ता भएका दरभाउपत्रदाता मध्ये तपशिल बमोजिमका दरभाउपत्रदाताको प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम (१०) बमोजिम स्वीकृत गर्ने आसयको सूचना सम्बन्धित सबैको जानकारीको लागि लागि सूचित गरिएको छ ।

**तपशिल**

| सि. नं. | परामर्शदाताको नाम | कार्यको नाम | कबोल अंक (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हस्पिल्याब ट्रेडिङ्ग कम्पनी प्रा.लि, बिराटनगर, मोरङ । | Supply and Delivery of Lab chemical and Equipment for Belbari Nagar Hospital | रु १०,४७,१८३।५० | |

बोधार्थ :
श्री नेशनल सर्जिकल सप्लायर्स बिराटनगर, मोरङ।

# कर्णाली जलपरियोजनाका बारे बृहत छलफल



■ हस्त चौलागाइ

कालिकोट । कर्णाली जलाधार क्षेत्रका विषयमा पत्रकार तथा सरोकारवालाहरुसँग बृहत छलफलत तथा बहस गरिएको छ । कर्णाली जलाधार क्षेत्रमा खानेपानीको हिसावले असुरक्षित, खानेपानी तथा सरसफाइको पहूँच र सुविधाबाट वञ्चित घरधुरी एवं समुदायको जल सुरक्षित भविष्य र जीविकोपार्जनका लागि सम्भावित बाधाहरुको सम्बोधन गर्न छलफल गरिएको हो ।

कर्णाली जलाधार क्षेत्रमा दीगो जलस्रोत व्यवस्थापन सुनिश्चित् गर्न आवश्यक समन्वय र क्षमता अभिवृद्धि गर्ने यस परियोजनाको मुख्य उदेश्य रहेको छ । कर्णाली जलाधार परियोजनाले ३ प्रदेशका २९ वटा पालिकाकाम गरिहेको छ । कर्णाली जलाधार क्षेत्रको जल सुरक्षित भविष्य र दीगो जलस्रोत व्यवस्थापनका आवश्यकता र चुनौती सम्बोधन गर्न एक जल अवधारणा (वान वाटर अप्रोच) लाई अवलम्वन गर्ने छ । सुरक्षित खानेपानी तथा उत्पादनशिल जल उपयोगका लागि दीगो पहूँच अभिवृद्धि गर्ने आसय यस परियोजनाको रहेको छ ।

स्थानीय तहमा सबैको लागि सुरक्षित खानेपानीको आपुर्ति, कृषिजन्य उत्पादन वृद्धि तथा विकास र सामुदायिक उत्थानशिलताको लागि जलको उत्पादनशील प्रयोग, जल सुरक्षा र जल संरक्षणको लागि घरायसी र कृषि कार्यमा सामाजिक मान्यता तथा व्यवहारमा परिवर्तन गर्ने परियोजनाका सल्लाहकार नरविर ऐडीले बताए ।

जलाधारका पालिका संयोजक प्रविन नेपालीले आर्थिक वर्ष २०७९।०८०को असार मसान्त सम्म २ सय ७० खानेपानी आयोजना निर्माण तथा पुर्ननिर्माण गर्ने, ५० बहुउपयोगी खानेपानी आयोजना निर्माण, १० नगर सरसफाइ योजना तथा नगर सरसफाइ व्यवसायिक योजना निर्माण गर्ने बताएका छन् । नेपालीका अनुसार ६ दिसाजन्य लेदो प्रसोधन केन्द्रको निर्माण तथा ६ लेदो प्रसोधन केन्द्र सञ्चालन योजना निर्माण, २९ जल उपयोग गुरुयोजना निर्माण, २ सय ७० खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन र क्षमता बिकास गर्ने र २९ संस्थागत क्षमता स्व-मूल्यांकनबाट संस्थागत क्षमता विकास योजनाको तयारि गर्ने रहेको छ । कर्णाली जलपरियोजना भित्र पनी विशेष गरी तिला जलाधार क्षेत्रको बारेमा सरोकारवालाहरुलाइ जानकारी गराइएको छ । सामाजिक व्यवहार परिवर्तन सम्वन्धि जिल्ला स्थित पत्रकार तथा अन्य सरोकारवालासँग विशेष बहस गरिएको हो । युएस ए आइडी कर्णाली जलपरियोजना अर्न्तगत तिला जलाधार क्षेत्रको बारे पत्रकार तथा सरोकारवालासँग सूचना आदान प्रदान एवं पत्रकार र सरोकारवालाहरुको भुमिका के कस्तो रहन्छ भनी समुह कार्य समेत गरिएको छ । कार्यक्रम गर्दा स्थानीय सरकारको विशेष भुमिका रहने पनी सहभागिहरुको जोड छ ।

# झापामा आलु खेतीको क्षेत्रफल बढ्यो



■ सौर्य समाचार

बनियानी । झापामा यसवर्ष आलु खेतीको क्षेत्रफल बढेको छ । जिल्लामा गत वर्षको तुलनामा यसवर्ष आलु खेतीको क्षेत्रफल २०५ हेक्टर बढेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिए । गतवर्ष जिल्लामा १५ हजार सात सय ८० हेक्टर क्षेत्रफलमा आलु खेती गरिएकामा यसवर्ष १५ हजार नौ सय ८५ हेक्टरमा सो खेती गरिएको छ ।

गतवर्ष जिल्लामा दुई लाख ५७ हजार दुई सय २४ टन आलु उत्पादन भएको थियो । जिल्लामा कार्डिनल, जनकदेव, कुफ्रीलगायत जातका आलुखेती बढी हुने गरेको उनले जानकारी दिए । क्षेत्रफलसँगै यसवर्ष आलु उत्पादन बढ्ने प्रारम्भिक अनुमान छ । जिल्लाका स्थानीय तहले आलु खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेकाले आलु खेती विस्तार हुँदै गएको हो ।

जिल्लाको बुद्धशान्ति, कमल, गौरीगञ्ज गाउँपालिका सहित अर्जुनधारा र बिर्तामोड नगरपालिकालगायतका पालिकाले आलु खेतीका लागि प्रवर्द्धनात्मक कार्यक्रम गरिरहेका छन् । बिर्तामोडले विगत तीन वर्षयता आलु खेतीलाई प्रवर्द्धन गर्दै आएको छ । किसानलाई आलुको बीउ, आवश्यक औषधि, परामर्श प्रदान गरिँदै आएको बिर्तामोड नगरपालिकाकाकृषि शाखाका प्रमुख राजेन्द्र कडरियाले बताए ।

नगरपालिका र किसानको आधा-आधा लागत सहभागितामा यसवर्ष ३८ टन आलुको बीउ वितरण गरिएको प्रमुख कडरियाले जानकारी दिए । प्रतिकठ्ठा ३० केजीका दरले ३३ वटा समूहलाई आलुको बीउ वितरण गरिएको उनले बताए । बिर्तामोड-६, ७, ८, ९, १० र २ नम्बर वडाका किसानलाई आलुको बीउसँगै दुई पटक रोप्ने बेलामा र उम्रिसकेपछि आवश्यक औषधिसमेत प्रदान गरिएको छ । किसानलाई लालगुलाब, कार्डिनल र एमएस जातका आलुको बीउ वितरण गरिएको छ । आलु खेती प्रवर्द्धन गरिएको पहिलो वर्ष प्रतिकठ्ठा १३-१४ मन, दोस्रो वर्ष ८-९ आलु उत्पादन नभएको थियो । यसवर्ष मौसम राम्रो हुनुका साथै रोगकीरा नदेखिएकाले १०-१२ मन प्रतिकठ्ठा आलु उत्पादन हुने आंकलन गरिएको कृषि शाखा प्रमुख कडरियाले बताए ।

जिल्लामा आलु प्रबर्द्धन कार्यक्रम सञ्चालन भइरहे पनि आलु आयात बढेको छ । पूर्वी नाका काँकरभिट्टाबाट चालु आर्थिक वर्षको हालसम्म एक करोड ३४ लाख ५५ हजार चार सय ५५ केजी आलु आयात भएको मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना प्रविधि शाखाका कर्मचारी अरुण शाहले जानकारी दिए । काँकरभिट्टा नाकाबाट गतवर्ष एक करोड २१ लाख ६४ हजार २२ केजी आलु आयात भएको थियो । गत वर्षको तुलनामा १२ लाख ९१ हजार चार सय ३३ केजी आलु बढी आयात भएको मेची भन्सार कार्यालयले जनाएको छ ।

काँकरभिट्टा नाकाबाट भारत, बंगालादेश र भुटानबाट आलु आयात हुने गरेको छ । जसमध्ये भारतबाट सबैभन्दा बढी आलु आयत हुने गरेको छ । स्थानीय उत्पादनले नपुग्ने र पहाडमा पनि मौसमी रुपमा आलु खेती हुने गरेको आलुको आयत बढेको केन्द्रका प्रमुख विष्टले जानकारी गराए ।

# विमान दुर्घटनापछि हवाई यात्रु घटे

■ सौर्य समाचार

चितवन । यही माघ १ गते पोखरामा यती एयरलाइन्सको विमान दुर्घटनाको प्रभाव चितवनमा पनि परेको छ । पोखरामा जहाज दुर्घटना भएसँगै हवाई यात्रा गर्नेको संख्या घटेको हो । भरतपुर नागरिक उड्ययन कार्यालयका अनुसार माघ १ देखि भरतपुरबाट काठमाडौँ जाने र आउनेको संख्या घट्दै गएको हो । कार्यालयका निमित्त प्रमुख दीपक विकेका अनुसार पुस २८ मा दुई सय ६० जना, पुस २९ मा तीन सय २५ जना, पुस ३० मा दुई सय ६० जना भरतपुरबाट हवाई मार्ग हुँदै काठमाडौँ गएका थिए । माघ १ मा खराब मौसमका कारण उडान हुन सकेको थिएन ।

पोखरामा विमान दुर्घटना भएपछि माघ २ मा एक सय ९९ जना, माघ ३ मा एक सय ६८ जना र माघ ४ मा एक सय ८७ जनाले यहाँबाट हवाई यात्रा गरेका छन् । भरतपुर-काठमाडौँ रुटका साथै काठमाडौँ-भरतपुर रुटमा पनि हवाई यात्रुको संख्या घटेको छ । कार्यालयका अनुसार पुस २८ मा तीन सय २१ जना, पुस २९ मा तीन सय १९ जना र पुस ३० गते तीन सय १३ जना यात्रु काठमाडौँबाट भरतपुर आएका थिए । यस्तै माघ २ मा एक सय ३८ जना, माघ ३ मा एक सय ८२ जना र माघ ४ मा दुई सय सात जना हवाई मार्ग हुँदै काठमाडौँबाट चितवन आएका छन् । अहिले भरतपुर विमानस्थलबाट दैनिक ८ देखि १० वटा उडान हुँदै आएको छ । जस अन्तर्गत गुण एयरलाइन्सले काठमाडौँ-भरतपुर-काठमाडौँ र बुध्द एयरले भरतपुर-पोखरा-भरतपुर रुटमा दैनिक एक उडान र काठमाडौँ-भरतपुर-काठमाडौँ रुटमा दैनिक आठ वटा उडान गर्दै आएको छ ।

विमानस्थल आसपासमा रहेका भौतिक संरचना विमानस्थल अनुसारको मापदण्ड अनुसार नबनेकाले केही समस्या भएको उनले बताए । भरतपुर विमानस्थलको धावनमार्गमा रहेका अप्ठ्याराका कारणसमेत यात्रुहरुलाई हवाई यात्रा असहज बनेको कार्यालयले जनाएको छ । धावनमार्ग वरपर दुई सय ५७ वटा घर मापदण्ड विपरीत बनेका छन् ।

अहिले विमानस्थलको धावनमार्ग एक हजार दुई सय मिटर छ । धावनमार्ग नजिक अग्ला घरका कारण विमानले पूरै धावनमार्ग प्रयोग गर्न नसक्ने अवस्था रहेको छ । यसैबीच यात्रुको चाप घटेपछि विमान कम्पनीले हवाई भाडासमेत घटाएका छन् । एकतर्फी भाडादर पाँच हजार रुपैयाँसम्म रहेकोमा पछिल्ला दिनमा विमान कम्पनीले दुई हजार पाँच सय भाडा कायम गरेर अनलाइन टिकट बिक्री गरिरहेका छन् ।

# स्वास्थ्य संस्थामा सिटामोल नहुँदा रित्तो हात फर्कन्छन् बिरामी

■ राजनकुमार बानियाा

पर्सा । पर्साको धोबिनी गाउँपालिकाको स्वास्थ्य संस्थाहरुमा औषधी नरहेकोको कारण सेवा ग्राहीहरु रित्तो हात फर्कन बाध्य भएका छन् । धोबिनी गाउँपालिकाको-४ लंगडी स्वास्थ्य चौकीमा दुई महिनादेखि सिटामोल समेत नरहेको कारण बिरामीहरु स्वास्थ्य संस्थाबाट रित्तो हात फर्कन बाध्य भएका छन् । नेपाल सरकार को स्वास्थ्य संस्थाहरुमा विश्वास गरेर बिरामीहरु जान्छ तर, चेकजाँच पछ्री औषधि नपाए पछ्री रित्तो हात फर्कन परेको छ । स्वास्थ्य संस्थाहरुमा सबै भन्दा बढि महत्वपूर्ण औषधि मानिने सिटामोल हो । स्थानिय स्तरमा बढि बिरामी जरो भाइरल जरो, टाइफाइटका बिरामीहरु आउने गर्छ । तर, ग्रामीण भेगका स्वास्थ्य संस्थामा आवश्य यी औषधि पनि नभेटिदा स्थानीले गुनासो गरेका छन् । स्वास्थ्य चौकी लंगडीमा प्रतेक दिन ५० देखि ६० जना बिरामी चेकजाँच गराउन आउछन् । त्यसमा बढि जसो रुघा, खोकी र जरोको बिरामी हुन्छन् । स्वास्थ्य संस्थामा चेकजाँच पछ्री जरोको सिटामोल औषधि समेत नपाउनेले यस्ता स्वास्थ्य संस्थाको के महत्व हुन्छ ? नेपालले सरकारको स्वास्थ्य चौकीहरुमा प्रत्येक वर्ष लाखौँ रुपैयाँ औषधि खरिद र कर्मचारी लगायत उपकरणमा खर्च गरिरहेका छ । तर, स्थानिय सरकारका जनप्रतिनिधि र कर्मचारीको मोटो कमिशनका कारण समयमा औषधि खरिद लगायत बितरणमा समस्या भएको कारण स्वास्थ्य संस्थामा औषधि नभएकाले समस्या भएको हो ।

धोबिनी गाउँपालिकाको स्वास्थ्य चौकी र स्वास्थ्य प्रमुखको चरम लापरबाहीका कारण स्वास्थ्य संस्थामा औषधि समस्या देखिएको स्थानियको गुनासो छ । जनप्रतिनिधि समेत बिकास निर्माणको काममा समेत कमिशनको झेलमा पर्ने गरेका कारण जनताको प्रत्यक्ष सोरकारवाला काम स्वास्थ्य सेवामा के भएको छ भनि अनुगमन, निरिक्षण नगरिएकाले स्वास्थ्य संस्थाहरु भगवान भरोसेमा चलिरहको छ ।


## Invitation For Bids

**Bhume Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Khabangbagar,Rukum (East)**
**Lumbini Province,Nepal**

***Invitation for Bids for the construction work under the below mentioned contract.***
**First Date of Publication: 2079/10/05 B.S (2023/01/20 A.D)**

1. ***Bhume Rural Municipality*** (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.
2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Sealed bids must be submitted though electronically to the office ***BRMO Khabangbagar, Rukum (East)*** on or before ***12:00 Noon*** on ***2079/10/22 B.S (2023/02/05 A.D).*** Bids received after this deadline will be rejected automatically.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***15:00 on 2079/10/22 B.S (2023/02/05 A.D) at*** the office of BRMO ***Khabangbagar, Rukum (East).*** Bids must be **valid** for a period of ***45 days*** after bid opening and must be accompanied by a bid securityamounting to a minimum of ***the below mentioned amount*** which shall be valid for 30 days beyond the validity period of the bid.
5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.
6. ***Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East )*** reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
Name of the Bank: Citizens Bank International Ltd. , Bhume branch
Name of Office:Bhume Rural Municipality, Khabagbagar,Rukum(East)

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata | GA 3 Bhume Ga.pa. DharautiKhata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. The Name and identification no of the contracts are as follows.

| S.N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Nakhe-Simkhola Road Upgreading and Maintenanc Work | EGP/BRMO/SQ/W-15/2079-80 | 9,39,467.50\|-( Nine Lakh Thirty nine thousand four hundred sixty seven rupee and fifty paisa only) | 1,000.00\|- (One thousand only) | 23,500.00\|-( Twenty three thousand five hundred only) |

**For Chief Administrative Officer**

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# ओलीको भनाई पुष्टि हुँदै

सभामुख पदका लागि विहिबार भएको निर्वाचनमा नेकपा एमालेका सांसद देवराज घिमिरे विजयी भएका छन् । घिमिरे सात दलीय सत्ता गठवन्धनका साझा उमेद्वार थिए । निर्वाचनमा कुल खसेको २ सय ६७ मध्ये उनले १ सय ६७ मत प्राप्त गरे । प्रतिस्पर्धी इश्वरी न्यौपानेले १ सय मत प्राप्त गरिन् । नेपाली कांग्रेसकी सांसद न्यौपानेलाई प्रतिपक्षी गठवन्धनको साथ थियो । सभमुखको निर्वाचन परिणाम अप्रत्यासित होइन । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री बनाउनका लागि राष्ट्रपति समक्ष सिफारिस गर्ने क्रममा सात राजनीतिक दलबीच सभामुख पदमा एमालेका उमेद्वारलाई सयोग गर्ने सहमति भएको थियो । प्रचण्डले प्रधानमन्त्री नियुक्तिका लागि जति जना सांसदको साथ पाएका थिए लगभग त्यति नै सांसदको सहयोगमा एमालेका उमेद्वार घिमिरे सभामुख पदमा निर्वाचित भएका हुन् । सभामुख पदमा नेपाली कांग्रेसको उमेद्वारी कर्मकाण्ड भन्दा फरक भएन । पहिलो कुरा त पराजय निश्चित हादा पनि सभामुख पदमा उमेद्वारी दिने प्रचलन नेपालको संसदीय राजनीतिक इतिहासमा नयाा होइन । दोस्रो कुरा मन्त्री परिषदको पछिल्लो विस्तारमा सात दलीय सत्ता गठवन्धन भित्रकै जसपा, नागरिक उन्मुक्ति तथा जनमत पार्टीले असन्तुष्टि व्याक्त गरेका कारण त्यसको लाभ प्राप्त हुने झिनो आशमा नेपाली कांग्रेस थियो । तर मतदान अगावै असन्तुष्टि व्यवस्थापन गर्न नेकपा एमाले सफल भयो ।

नेपालको संविधान अनुसार सभामुख पद राष्ट्रपति र प्रधानमन्त्री पछिको सबै भन्दा महत्वपूर्ण पद हो । साथै निश्पक्ष र तटस्थ रुपमा कार्यसम्पादन गर्नु पर्ने पद हो । यति हुँदा हुँदै पनि व्यवहारमा भने आफु आवद्ध भएको दल प्रति लचक हुने प्रवृत्ति अहिलेसम्मका सभामुखहरुले देखाउादै आएका छन् । त्यसैले सत्ता जसको हातमा हुन्छ , सभामुख पनि उसैको हातमा हुने प्रचलन रहादै आएको छ । सभामुखको असहयोग भयो भने सत्ता संचालन गर्न अप्ठेरो उत्पन्न हुने बुझाई रहादै आएको छ । यो बुझाई गलत होइन । तर सरकार प्रति के कति लचक हुने ? भन्ने कुरा सभामुख पदमा आसिन व्याक्तिको पृष्ठ भूमि तथा ज्ञानमा भरपर्ने कुरा हो यस हिसावले नवनिर्वाचित सभामुख घिमिरेको व्याक्तित्व तथा पृष्ठभूमी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली स्वयंले मज्जाले परिचालन गर्न सक्ने खालको छ ।

बहुदलीय संसदीय व्यवस्थामा एउटा मान्यता रहादै आएको छ –' संसद भनेको प्रतिपक्षको हो ।' तर व्यवहारमा यो मन्यता लागु हुन सकेको छैन । एउटै पार्टीको बहुमत भएको अवस्थामा त अरु सबै दलले चाहादा पनि सत्ता पक्षको बाहेक अर्को सभामुख हुने संभावना रहन्न । तर संसदमा कसैको पनि बहुमत नभएको अवस्थामा सानादलहरुबाट योग्य सांसद छानेर सभामुख बनाउन सके संसद थप प्रभावकारी हुन सक्छ । तर तत्कालका लागि भने प्रधानमन्त्री माओवादीको भएको अवस्थामा सभामुख एमालेको हुँदा शक्ति सन्तुलन तथा पृथकीकरण खलबलिन सक्ने अवस्था छैन । अब यही माघ महिना भित्रै राष्ट्रपति पदको पनि निर्वाचन हुँदैछ । राष्ट्रपति पदमा पनि नेकपा एमालेकै उमेद्वारलाई साथ दिने सहमति सात दलीय सत्ता गठवन्धन वीच भइसकेको छ । सभामुखको निर्वाचनमा कायम रहेको समिकरणले निरन्तरता पाएमा राष्ट्रपति पदमा पनि नेकपा एमालेकै उमेद्वार विजयी हुने निश्चित जस्तै छ । कुनै पार्टीको बहुमत नभएको अवस्थामा राष्ट्रपति र सभामुख पद प्राप्त गर्नु भनेको संसदको दोस्रो ठूलो दल नेकपा एमालेका लागि निकै ठूलो उपलव्धी हुनेछ । तर एमालेको यो उपलव्धीले प्रधानमन्त्री प्रचण्डका हात गोडा भने बााधिने संभावनालाई भने नजर अन्दाज गर्न मिल्दैन । यो दुई वर्ष खुरु खुरु एमालेको निर्देशन अनुसार काम गर्ने र त्यस पछि एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री पद बुझाएर बाहिरिनु बाहेक प्रचाण्डका लागि अर्को विकल्प रहने छैन । किनकी त्यतिन्जेल सम्म प्रधानमन्त्री प्रचण्डका लागि संसदको सबै भन्दा ठूलो दल नेपाली कांग्रेसको सहयोग पाउने त परै जाओस् संवाद गर्ने ढोकासमेत बन्द भइसकेको हुनेछ । एमाले बाहेकको शक्तिलाई राष्ट्रपति पदका लागि मार्ग प्रसस्त गर्ने सामार्थ प्रधानमन्त्री प्रचण्डले राख्छन् की राख्दैनन् ? उनको भविष्य त्यसैमा निर्भर छ । यता एमाले अध्यक्ष केपी शर्मा ओलीका भाषामा नेपाली कांग्रेसले माछा नै नभएको खोलामा ढेउसो थापेको छ । ओलीले भनेको कुरा प्रमाणित भयो भने नेपाली कांग्रेसको संस्थापन पक्षका लागि पनि आगामी दिन सहज हुने छैन । कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीको जिम्मेवारीबाट सम्मान जनक बहिर्गमनको मार्ग तय गर्नु उचित हुन्छ ।

## मननीय



### गरिब

धनी मानिस पैसा भएका दरिद्र हुन् ।

*–डब्लु सी फिल्ड्स*

गरिबी अपराधको जन्मदाता हो ।

*–मार्क्स औरिलीअस*

सबै मानिसलाई गरिब हुने अधिकार छ ।

*–रिचार्ड जेफेरिज*

भोको मानिसको लागि खाना नै भगवान् हो ।

*–महात्मा गान्धी*

धेरै धन हुने व्यक्ति गरिब हुन्छन् ।

*–मार्सल म्याकलुहान*

खाली गोजीले गर्दा मानिस कहित्यै पछि पर्दैन । खाली मस्तिष्क र खाली मनले मात्र गरिब हुन सम्भव छ ।

*–नोर्मान भिन्सेन्ट*

गरिबलाई समाजले लठ्ठीले लखेट्छ । कंगाललाई लखेट्दैन, कूचोले बढाछ ।

*– फ्योदोर दोस्तोयेभ्स्की*

# बैदेशीक व्यापारमा आयातको हाबी



डा.सुमनकुमार रेग्मी

> शोधनान्तर घाटा वृद्धि र विदेशी मुद्रा सञ्चितीमा कमी आएपछि २०७८ मंसीरदेखि सरकारले आयात निरूसाहित गर्ने नीति लिएको थियो । यस प्राबधानमा २०७८ मंसीर १३ गते एउटा बीजकबाट एक पटकमा ३५ हजार अमेरिकीडलर भन्दा बढीको चाँदीको आयात गर्न नपाईने व्यवस्था भयो । डीएपी अर्थात डकुमेन्ट एगेन्स्ड पेमेन्ट , टीटी र ड्राफ्टबाट चाँदी आयातको भुक्तानीमा पनि रोक लगायो । त्यसको १ महिनामा आयात कर्जामा कडाइ गरियो । २०७८ पुस ५ गते विभिन्न २० हार्मोनीक कोड अन्तर्गतका सामान आयातको एल सी खोल्दा ५० र शत प्रतिशत नगदमा जिन राख्नु पर्ने व्यवस्था गरियो। यस्तो अवस्था २०७९ मंसीर मसान्तमा अन्त गरियो

यो एक बर्षमा नेपालले २१ खर्ब २० अर्ब ४७ करोड रुपैंयाको बैदेशिक व्यापार गरेको छ । आ.ब. २०७७।७८ मा नेपालको १६ खर्ब ८० अर्ब १७ करोडको बैदेशिक व्याापार भएको थियो । सबै देशसँग व्यापार घाटाको कुरा गर्ने हो भने आ.ब. २०६९।७० मा रु. ५ खर्ब ३६ अर्ब २३ करोड थियो भने दशबर्ष पछि अर्थात आ.ब. २०७८।७९ मा १७ खर्ब २० अर्ब ४१ करोड रहेको छ ।

आ.ब. २०७८।७९ मा मात्रडिजेलमा १ खर्ब ६८ अर्ब २३ करोड, पेट्रोल रु. ७१ अर्ब ३८ करोड र एल.पी ग्याँस मा ६५ अर्ब ५५ करोड व्यापार घाटा रहेको छ । नेपालको निर्यात व्यापार २ खर्ब ३० करोड पुगेको छ । निर्यात व्यापार २०७७।७८ मातुलनात्मक रुपमा २०७८।७९ मा ४१ द्यशमलव ७ प्रतिशतले बढेको छ । २०७८।७९ मा निर्यात भएका वस्तुहरुमा प्रशोधित भटमासको तेल ४५ अर्ब ३५ करोडा, प्रशोधित पाम तेल ३७ अर्ब ९४ करोड, सेन्थेटीक यार्न १० अर्ब १४ करोडको , उनी गलैचाँ र कार्पेट ७ अर्ब, तयारी कपडा ५ अर्ब ७६ करोडको रहेको छ ।

आयातमूखी व्यापार भएका कारण देशको व्यापार घाटा यो बर्ष पनि बढदो छ । नेपालको बैदेशिक व्यापारमा प्रमुख हिस्सा आगटने इन्धन पदार्थ आयात अत्यधिक हुँदै आएको छ । आयात बढ्ने र निर्यात घटने क्रम नरोकिदा केन्द्रीय बैंकले थप ४७ वस्तुका आयातमा कडाई गरेको छ । केन्द्रीय बैंकले २०७८ माघ अन्तिम सातामा एक परिपत्र जारी गरी कूल ४७ वटा एचएस कोडबाट आयात हुने वस्तुका आयातमा कडाई गरेको थियो । एल सी खोल्दा ६ वस्तुका ५० प्रतिशत र ४१ वस्तुका शतप्रति नगद मार्जिनको व्यवस्था गरेको बताईन्छ ।

अर्बौंको आयात भईरहेको अवस्थामा आयात कम गरी निर्यात बढाउनको लागि उत्पादनमा जोड दिन सरकारको स्पष्ट नीति र योजना नै चाहिन्छ । कृषीप्रधान देश नेपालले एक महिनामै पाँच अर्ब रुपीयाँकाचामलआयात गरेको देखिन्छ । नेपालको बैदेशीक व्यापारको प्रबृति नेपालको पक्षमा हुने गरी बर्षौं देखा नपर्नु सोचनीय अवस्था रहिआएको छ । सन् १९५२ पछि विश्वव्यापारमा बृद्धि भएको भएको पाईन्छ । दोश्रो विश्वयुद्धमा व्यापार राम्रोसँग फस्टाउन पाएन् । आ.ब. २०४६।४७मा वस्तु व्यापारको कूलगार्हस्थ उत्पादनको अनुपात २२ दशमलव ७ प्रतिशत रहेकोमा आ.ब २०७५।७६ मा उक्त संख्या बढेर ४३ दशमलव ८ प्रतिशत पुगेका थियो । तर वस्तु व्यापार घाटाको आकार बढदै गएपनि आन्तरिक र पुँजीगत वस्तुका आयात झण्डै ८० प्रतिशत रहनु सकारात्मक पक्ष रहेको बताईदै आएको छ ।

२०७९।८० को चार महिनामा देशको व्यापार घाटा १५ दशमलव ८८ प्रतिशतले घटेर ४ खर्ब ७७ अर्ब ९१ करोड कायमभएको छ । व्यापार घाटा कम भएपछि २०७९।८० को अशोजमा १४ महिना पछि अर्थात २०७८।७९ को छिल्लो २ महिना सहितमा देशको शोधनान्तर स्थिती बचतमा गएको थियो । अशोज मसान्तसम्म शोधनान्तर स्थिति १२ अर्ब ४३ करोड रुपैयाँ बचतामा रहेको देखिन्छ ।


यसैगरी लामो समयदेखि दबाबमा रहेको विदेशी मुद्रा सञ्चिती समेत २०७९ आषाढको तुलनामा २ दशमलव ५ प्रतिशतले बढेर अशोजमा १२ खर्ब ४६ अर्ब २२ करोड रुपैयाँ पुगेको तथ्यांकले देखाउँछ । शोधनान्तर घाटा बृद्धि र विदेशी मुद्रा सञ्चितीमा कमी आएपछि २०७८ मंसीरदेखि सरकारले आयात निरुसाहित गर्ने नीति लिएको थियो । यस प्राबधानमा २०७८ मंसीर १३ गते एउटा बीजकबाट एक पटकमा ३५ हजार अमेरिकीडलर भन्दा बढीको चाँदीको आयात गर्न नपाईने व्यवस्था भयो । डीएपी अर्थात डकुमेन्ट एगेन्स्ड पेमेन्ट , टीटी र ड्राफ्टबाट चाँदी आयातको भुक्तानीमा पनि रोक लगायो । त्यसको १ महिनामा आयात कर्जामा कडाइ गरियो । २०७८ पुस ५ गते विभिन्न २० हार्मोनीक कोड अन्तर्गतका सामान आयातको एल सी खोल्दा ५० र शत प्रतिशत नगदमा र्जिन राख्नु पर्न व्यवस्था गरियो। यस्तो अवस्था २०७९ मंसीर मसान्तमा अन्त गरियो ।

सबै किसीमका वस्तुहरुको मूल्य बृद्धि अझै कायम रहने देखिएको छ । मूल्य बृद्धि अनिश्चत कालसम्मका लागि रहने भनाईले आम सर्बसाधारण नागरिकको दैनिक जनजीवन अझ कठिन हुने देखिएको छ । दोश्रो आमचुनाव पछिका सरकारले मूल्य बृद्धि व्यवस्थापन गरेर नागरिकको दैनिक जीवनमा सहज गर्ने अपेक्षा गरिएकै अवसरमा आर्थिक बर्ष २०७९।८० को मौद्रिक नीतिको पहिलो त्रैमाशिक पहिलो समिक्षा सार्वजनिक गर्दै मूल्य बृद्धि नेपालको मात्र नियन्त्रणमा नरहेको भनिदै केहि समयसम्म कायम रहने भन्दै अनिश्चितको संकेत गरिएको हो । हालको रफ्तारमा व्यापार घाटा बढ्दै जाने हो भने २०७९।८० अन्त सम्ममा २३ खर्ब रुपैयाँको व्यापार घाटा हुने प्रक्षेपण गरिएको छ । बाणिज्य नीति २०७२ ले १२ वटा वस्तु मध्ये सम्भावना युक्त वस्तुहरुका सूचीमा जडीबुटी तथा सार युक्त तेललाई पनि समावेश गरेको छ । यस नीतिमा निर्यात योग्य कृषि तथा वनजन्य वस्तुहरुको संकलन एवम् प्रशोधन गरी निर्यात अभिबृद्धि गर्न, प्रशोधन केन्द्रहरु स्थापना गर्न सहयोग पुर्‍याउने, गुणस्तर प्रमाणीकरण सम्बन्धी मौजुदा प्रयोगशालाहरुको सुदृढिकरण तथा एक्रिडीटेसन गर्दै जाने, आवश्यकता अनुसार बहुउदेश्य प्रयोगशालाको स्थापना गरिने, कृषि तथा वन पैदावार लगायतका व्यवसायीक खेती गर्न लिजमा जग्गा उपलब्ध गराउने र विविधताको अवसरलााई उपयोग गरी निर्यातजन्य वस्तुहरुका उत्पादन तथा प्रशोधन बाह्य माग बमोजिमको बनाउन संवेष्ठन, लेबलिङ, भन्डारण, प्रमाणिकरणमा सहयोग पुर्‍याउने, निर्यात प्रबर्द्धनको लागि असल कृषि अभ्यास र प्रागारिक खेतीलाई प्रोत्साहन गर्न समन्वय गर्ने कुरामा जोड दिइएको देखिन्छ ।

एन.टी.आइ.एस. २०१० अर्थात २०७३ सहित रणनीति २०७३ का प्राबधान कार्यान्वयन गर्ने सन्दर्भमा जर्मन संस्था जी.आइ.जेड बाट डब्ल्यू. टी.ओ. प्रतिबद्धता प्रती र अमेरीकी सहयोग संस्था बाट एकीकृत रणनीतीको कार्यान्वयनका लागि सहयोगका विभीन्न कार्यक्रमहरु शुरु भइसकेका छन् । डी.एफ.आइ.डी. र इ.सी. ले एन.आइ.टी. एस. २०१० र २०७३ साल को कार्यान्वयनका लागि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिएका छन् । दीर्घकालीन रुपमा नेपालको व्यापारको लागि तथा सहायता परिचालनका लागि क्षेत्रगत अवधारणको कार्यान्वयनको पर्खाईमा छ ।

*(निकासी व्यापार व्यवस्थापनमा विद्यावारीधि गरेका लेखक व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका पूर्व नायव कार्यकारी निर्देशक हुनु हुन्छ)*

# कसरी जोगिएलान् कर्पोरेट पूँजीको दुष्चक्रबाट कृषि र किसान ?



लोकनारायण सुवेदी

> अब किसानले पनि आफ्नो प्रष्ट दृष्टिकोण र समझदारी बनाउन र राख्न सक्नु सिक्नु पर्दछ । त्यसो गर्न सक्ने शक्ति उनीहरूमा बिकसित हुनै र गरिनै पर्दछ । जसले गर्दा पूर्णरूपेण इमानदार ब्यक्तिहरू उनीहरूको सहायता गर्न आउन्, उनीहरूसँग जोडिउन् अनि कृषि, किसान,कृषिसँग सम्बन्धित र महत्वपूर्ण पक्ष पर्याबरण सबैको रक्षा र सम्वर्धदन एकसाथ हुन सकोस् । यसका अतिरिक्त भूमिहीनहरूको सरोकारलाई पनि अवश्य नै यसमा जोडनै पर्दछ जसले गर्दा केही भूमि निश्चयनै उनीहरूलाई पनि प्राप्त होओस्

यतिबेला बिश्व स्तरमै के गम्भीरतम आवश्यकता महसुश गरिन थालेको छ भने कृषि नीति प्रष्टरुपमा साना तथा मझौला किसानको हितमा हुनु पर्दछ । यसको सोझो अर्थ के हो भने किसानहरुको लागत खर्च र कर्जाको बोझ कम हुँदै जानु पर्दछ र आधारभूतरुपमा उनीहरुको आजीवकाको आधार सबल र दीगो बन्न सक्नु पर्दछ ।

तर त्यत्तिले मात्र निश्चय नै पनि पुग्दैन । अब किसानले पनि आफ्नो प्रष्ट दृष्टिकोण र समझदारी बनाउन र राख्न सक्नु सिक्नु पर्दछ । त्यसो गर्न सक्ने शक्ति उनीहरुमा बिकसित हुनै र गरिनै पर्दछ । जसले गर्दा पूर्णरुपेण इमानदार ब्यक्तिहरु उनीहरुको सहायता गर्न आउन्, उनीहरुसँग जोडिउन् अनि कृषि, किसान,कृषिसँग सम्बन्धित र महत्वपूर्ण पक्ष पर्याबरण सबैको रक्षा र सम्वर्धदन एकसाथ हुन सकोस् । यसका अतिरिक्त भूमिहीनहरुको सरोरकारलाई पनि अबश्य नै यसमा जोडनै पर्दछ जसले गर्दा केही भूमि निश्चयनै उनीहरुलाई पनि प्राप्त होओस् । अनि यसका साथसाथै बनको रक्षा, बृक्षारोपण, जल तथा माटोको संरक्षण जस्ता कार्यहरुमा समेत उनीहरुलाई निरन्तर रुपमाभन्दा अझ बढी सन्तोषजनक किसिमले दीगो र भरपर्दो रोजगारी प्राप्त होओस् ।

बस्तुतः आज पनि माटो तथा जल संरक्षण सुनिश्चित हुन्छ भने किसानका मित्र सबै जीवहरु, सुक्ष्म जीबहरु, कीटपतंगहरुको स्थानीय स्वदेशी नश्लका पशुहरु तथा पराग सेचन गर्नका लागि पंक्षीहरु, कीराहरु, महुरीहरु तथा परम्परागत बीउ बिजनको रक्षा हुन्छ र खेतीपातीको दीगो र कम खर्चिलो बिकासको बाटो खुल्दछ । अनि त्यो मार्ग अझ फराकिलो हुन्छ । अनि यसका साथै 'हरित गृह ग्यास' उत्सर्जन पनि कम भएर जान्छ । यो निश्चित गर्न कठिन छैन कि हामीले कस्तो कृषिको बाटो अबलम्बन गर्ने हो । निश्चितरुपमा यो यस्तो बाटो हुनु पर्दछ जसबाट बाहिरी खर्च जस्तो रासायनिक मल, कीटनाशक औषधीहरु आदि न्यूनतम मात्र आयात हुन् या हुँदै नहुन्,स्थानीय श्रोत साधनहरुको बैज्ञानिक किसिमले अधिकतम उपयोग सर्बोत्तम किसिमले होओस् । जसबाट किसान समुदायमा आत्मनिर्भरता बढोस्,त्यसबाट परम्परागत कृषि ज्ञान र जैबिक बिबिधताको पनि सम्मान हुन थाल्दछ अनि त्यही आफ्नो बलमा नै बाहिरी संकटसँग जुध्ने किसानको क्षमता बढ्न जान्छ । त्यो पर्याबरणको संरक्षण र सम्बर्ध्दनमा आधारित पनि होओस् जसले माटो, पानी र पर्याबरणको रक्षालाई सन्तुलित तुल्याओस् र अघि बढाओस् ।

यो कुरा बैज्ञानिकरुपमा सिध्द भइ नै सकेको छ कि माटोको अर्ग्यानिक तथा जबैकि तत्व स्थानीय स्तरमा पात पतिङ्गर, बोट बिरुवाका अवशेष, गोबर आदि कुहिने सड्ने या गडेउला जस्ता जीवहरुको खाद् निर्माण र उत्सर्जन प्रकृयाबाट बन्ने गर्दछ । अनि त्यसमा कार्बन डाईअक्साईड जस्ता प्रमुख 'हरित गृह ग्यास' सोस्ने या अबशेषण हुने गर्दछ । यसरी यसले जलवायु परिबर्तनको संटकलाई कम गर्ने पनि ठूलो क्षमता राख्दछ । यसका अतिरिक्त स्थानीय मिश्रित प्रजातीहरुका जति पनि बोट बिरुवाहरु हुर्कने, बच्ने गर्दछन्, चरिचरन जति फैलिन्छन्, धरती जत्तिको हराभरा बनेर 'शस्य श्यामलम्' हुन्छ, जत्तिको बनको रक्षा हुन्छ त्यत्ति नै बढी 'हरित गृह ग्यास'बाट हुने नकारात्मक प्रकोपको असर स्वभावतः पनि कम भएर जान्छ । अनि माटो तथा जल संरक्षण र जैबिक बिबिधताको संरक्षण पनि बढ्न जान्छ ।

अन्ततः यस्ता नीतिहरु जो हरेक दृष्टिले कृषि, पर्याबरण र कृषि र किसान-मैत्री तथा लाभदायक छन् या हुन्छन् भने तिनलाई किन नअपनाउने ? यस प्रश्नको प्रष्ट उत्तर हुन्छ कि जुन ठूला पूँजीपतिले किसानको आत्मनिर्भरता र दीगो बिकास चाहँदैनन् तिनले नै यस्ता नीतिहरु बन्न नदिने र बने पनि अबलम्बन नगरेर कार्यान्वयनमा बाधा पुर्‍याउने या अडङ्गा तेर्स्याउने गर्दछन् । उनीहरुको मान्यता के हुन्छ भने यदि गाउँका किसानहरु मलमा आत्म निर्भर बने भने पूजीपतिको नाफा कम हुन्छ या घट्छ । त्यसैले उनीहरु चाहन्छन् किसान सधै सधै परनिर्भर बनिरहुन् । बिउ,रासायनिक मलखाद तथा कीट र रोग नाशक, झारपात नाशक आदि औषधीहरु उनीहरुले निरन्तर किनिरहनु परोस् । उनीहरुले धेरै डिजेल किनुन्, मदिरा पिइरहुन्, सँधै गुट्का खाने गरुन् । अनि यसरी न पूँजीपतिहरुलाई किसान र ग्रामीणहरुबाट पैसा कमाउने ठाउ बनिरहन्छ । हुन पनि देश बिदेशका ठूला पूँजीपतिहरु यही चाहन्छन् कि किसान र ग्रामीण समुदायमा आत्मनिर्भरता बढ्नुको साटो त्यो निरन्तर कम हुँदै जाओस्, किसानको लागत र खर्च कम हुनको साटो सधै बढी हुँदै जाओस् । फलस्वरुप पूँजीपति बर्गलाई बढी नाफा खान मिलोस् ।

यही कारण हो कि ठूला पूँजीपति र ठूला कम्पनीरुले आत्मनिर्भर खेतीपाती गर्ने किसानहरुलाई हरित क्रान्तिको भ्रान्ति पैदा गर्दै भारतमा एउटा यस्तो बाटोमा धकेल्न खोजेका थिए जसबाट उनीहरुले सधैभरी महँगो बिउ बिजन,रासयनिक मल तथा कीट नाशक औषधीहरु आदिका लागि निरन्तर बजारमा निर्भर हुँदै जानेथिए र उनीहरुको एउटा मूख्य शक्ति पशुधनलाई कम गर्दै जाने थिए । त्यसपछि दोश्रो उनीहरुको मूख्य कदम थियो बिउ बिजनहरुको प्याटेण्ट गर्ने तथा जीन-संशोधित(जी-एम) फसलहरुको प्रचार बढाउने । किनभने बहु राष्ट्रिय कम्पनीहरुलाई किसानको खेतीपातीमाथि नियन्त्रण कायम गर्नु र बढाउनु थियो । यसै बाटोमा हिड्दै उनीहरुले ठेक्का खेती, खर्चिलो खेती, निजीकरण, कम्पनीद्वारा आबश्यक खाद्यान्नको जम्माखोरीको प्रबृत्तिका लागि समेत अनेक किसिमले जोड लगाउदै आएका थिए । अनि यसका लागि कानुन बनाउने प्रयास पनि गरिरहेका थिए । उनीहरु बिश्वका बिभिन्न क्षेत्रमा त्यसो गर्न सफल पनि भएका थिए र छन् । किनभने तिनीहरुसँग सरकारी अधिकारीहरु, राजनीतिकर्मीहरु, बिशेषज्ञहरु, अन्तर्राष्ट्रिय एजेन्सीहरु, सञ्चारकर्मीहरु, एनजीओ आदिको ठूलो फौज छ र ती एक अर्काका परिपोषक बनेर खडा भएका छन् । कतिसम्म भने उनीहरु समय समयमा यस सम्बन्धित आ-आफ्ना मानिसहरुलाई तालिम समेत दिएर किसान नेताकैरुपमा तिनलाई प्रतिष्ठित र स्थापित समेत गर्ने गर्दछन् र त्यस्तालाई सरकारी मान्यता पनि दिलाउने गर्दछन् ।

यस प्रकारको राष्ट्रिय अन्तर्राष्ट्रिय स्थितिबाट उचित र सही शिक्षा लएर के गर्नु आबश्यक हुन्छ भने किसानहरुले बस्तुगत यथार्थको सुस्पष्ट समझदारी र दृष्टिकोण बनाउने शक्ति आफुमा निर्माण गरुन् र पूर्णरुपले इमानदार ब्यक्ति र बिशेषज्ञहरू समेत उनीहरुको सहायता गर्न किसानसँग जोडिउन् जसले गर्दा कृषि, किसानहरु, कृषिसँग जोडिएको पर्याबरण आदि सबैको रक्षा एकसाथ हुन सकोस् । यसका अतिरिक्त भूमिहीन किसानहरुको सरोकारलाई पनि यसमा अनिबार्यरुपमा डोड्नु पर्दछ । कम्तिमा पनि उनीहरुलाई भूमि अबश्य मिल्नु पर्दछ । यसकासाथै बनको रक्षा, बृक्षारोपण, माटोको संरक्षण, जल संरक्षण जस्ता महत्वपूर्ण कार्यहरुमा उनीहरुलाई दीगो किसिमले रोजगारी पनि निरन्तर प्राप्त भइरहन सकोस् । यसरी मात्र कर्पोरेट पूँजीको महाजालबाट किसानलाई मुक्त गर्न र जोगाउन सकिन्छ । अनि यसरी नयाँ किसिमले कृषि र किसान रक्षा गर्दै देशलाई निरन्तर सही दिशामा अघि बढाउन सकिने छ ।

# लोकसेवा पढाउँदै सिस्ने गाउँपालिका

■ मदन विसी



रुकुमकोट । रुकुम पूर्वः पछिल्ला युवा पुस्तालाई लोकसेवाप्रति आर्कषण गर्न सिस्ने पालिकाले लोकसेवा तयारी कक्षा सञ्चालन गरेको छ । पालिका भित्रका नागरिकलाई लोकसेवाले लिने विभिन्न परिक्षामा सहभागि गराउन तयारी कक्षा सञ्चालन गरेको हो । नयाँ पुस्तालाई लोकसेवामा भविस्य देखाउन मंगलबारदेखि लोकसेवा पढाउन सुरु गरेको छ । लोक सेवा पढाउन पालिकाले दुई लाख बजेट छुटयाएको थियो । त्यहि बजेटबाट तयारी कक्षा सञ्चालन सुरु गरिएको गाउँपालिका अध्यक्ष कृष्ण रेग्मीले जानकारी दिए ।

युवायुवतिलाई सरकारी जागिरे बनाउन आयोग पढाउन सुरु गरेका छौ, खर्च पालिकाले व्यहोर्ने गरी कक्षा सञ्चालन भइरहेको छ अध्यक्ष रेग्मीले भन्ने पूर्ण भन्दैनौ हामिलाई चाहिने आधा जनशक्ति उत्पादन गर्ने लक्ष्य सहित लागेका छौं । रेग्मीले अगाडी भने दक्ष र प्रतिस्पर्धामा टिक्ने जनशक्ति उत्पादन गर्ने हाम्रो लक्ष्य हो । उनले गुणस्तरलाई ध्यानमा राखि कक्षा सञ्चालन गर्न प्रशिक्षकलाई निर्देशन दिएका छन् ।जिल्ला सदरमुकाम स्थित रुक्मिणी मावी रुकुमकोटमा तयारी कक्षा सञ्चालन भइरहेको छ । मंगलबारबाट कक्षा सुरु भएको हो । सुन्दर भविष्य लोकसेवामा छ । लोकसेवा पढनुपर्छ । प्रतिस्प्रर्धा गर्नुपर्छ, भन्ने भावनाको विकास गर्न तयारी कक्षा सुरु गरिएको रेग्मीले बताएका छन । उनले भने, 'लोकसेवा प्रति भोग जोगाउन पालिकाले अभियान सुरु गरेको छ ।' सरकारी जागिरमा प्रवेश गराउने उदेश्यका साथ गाउँपालिकाले लोक सेवा आयोगका तयारी कक्षा सञ्चालन गरेको प्रमुख प्रशासकीय अधिकृत विकास विक्रम शाहले जानकारी दिए । उनले भने, 'यो समयको माग पनि हो ।'

**लोकसेवा पढ्न १११ जनाको आवेदन**

लोक सेवा पढन इच्छुकको लागि पालिकाले १५ दिनको सूचना प्रकाशन गरेको थियो । सो अवधिमा पालिका भरका एक सय ११ जनाले शैक्षिक योग्यताका प्रमाणपत्र सहित आवदेन दिएका थिए । आवदेन दिएका सवैलाई तयारी कक्षामा समावेश गरिने प्रमुख प्रशासकीय अधिकृत शाहले बताए । उनका अनुसार मंगलबारदेखि तयारी कक्षा सुरु भएको छ । मंगबार ३७ र बुधबार ५५ जना कक्षामा सहभागि भएका थिए । कक्षामा सहभागि हुने क्रम बढि रहेको छ । आवेदन दिएका मध्य केहि जिल्ला बाहिर केहि टाढाबाट आएका छन् । प्रशासकीय अधिकृत शाहले भने दुई तीन दिनमा आवेदन दिएका सवै सहभागि उपस्थित छन् । विशेष गरि राजपत्र अकिंत चौथो र पाचौं तहलाई मध्यनजर राखि कक्षा सुरु गरिएको छ । त्यसमा बस्तुगत र विषयगत दुवैलाई जोड दिइने गाउँपालिकाले जनाएको छ । माघ ३ गतेबाट सुरु भएको तयारी कक्षा फागुन अन्तिमसम्म चल्ने । जिल्लास्थित विभिन्न कार्यालयमा कार्यरत अधिकृतबाट कक्षा सञ्चालन भइरहेको छ । पुरुषको तुलनामा महिला तेब्बरः तयारी कक्षाका लागि ८ वडाका एक सय ११ जनाले आवेदन दिएका छन । पालिकाभरबाट ८१ महिला र ३० पुरुषले तयारी कक्षाका लागि आवदेन दिएका प्रशासन सहायक पूर्ण विएमले जानकारी दिए । उनले दिएको जानकारी अनुसार कक्षामा सहभागि हुने र आवेदन दिने महिलाको संख्या बढि छ । पुरुष भन्दा महिला तेब्बरले बढि रहेको उनले सुनाए । गाउँपालिका भित्र स्थायी बसोबास भएका, १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका र कम्तिमा एसएलसी/एसईई उत्तिर्ण गरेकालाई कक्षामा समावेश गरिएको छ । कक्षामा एसएलसी/एसईई देखि स्नातक गरेका केहि विभिन्न संघ संस्थामा आवद्ध कर्मचारी, शिक्षक र क्याम्पस पढदै गरेका विद्यार्थीहरु सहभागि छन ।

गाउँपालिकाका ८ वडा मध्य सवैभन्दा बढि ५ र ६ नम्बर वडाबाट सहभागि भएका छन । ५ नम्बर वडाका ४१ र ६ नम्बर वडाका २५ जनाले आवेदन दिएका थिए । सवैभन्दा कम आवेदन २ र ७ नम्बर वडाबाट परेको छ । २ नम्बर वडाबाट १ र ७ नम्बर वडाबाट ४ जनाले मात्र आवदेन दिएका थिए । यसैगरि १ नम्बर वडाबाट ६, ३ नम्बर वडाबाट ८, ४ नम्बर वडाबाट १८ र ८ नम्बर वडाबाट ७ जनाले आवदेन पेश गरेका छन । जिल्लामा अहिलेसम्म कुनै इन्स्टिच्युटले लोक सेवा तयारी कक्षा सञ्चालन गरेका छैनन् । जसका कारण यहाँका नागरिकहरु आयोगका तयारी कक्षा लिन दाङ, सुर्खेत, नेपालगञ्ज, चितवन, पोखरा र काठमाडौंमा जाने गरेका छन् । चर्को शुल्क तिरी बाहिर गएर अध्ययन गर्नुपर्ने बाध्यतालाई न्युनिकरण गर्न पालिकाले तयारी कक्षा सञ्चालन सुरु गरेको हो । जिल्लामा आयोगका तयारी कक्षा पढने माध्यम नहुदाँ जिल्ला बाहिर जानेहरु पालिकाले निशुल्क पढाउन थालेपछि निकै खुसी भएका छन ।


प्रदेश सरकार
सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
प्रदेश नं. १, भोजपुर

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/०६**

यस कार्यालयबाट मिति २०७९/०८/०१ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको बोलपत्रहरुको सूचना अनुसार रितपूर्वक दर्ता भई प्राविधिक तथा आर्थिक प्रस्तावहरुको मूल्याङ्कन हुँदा तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अङ्क रकम रु. (PS and VAT सहित) |
|---|---|---|---|---|
| 1 | IDO/BHO/W/NCB-65/079/80 | Construction of Chrikhuwa River Motorable Bridge connecting Chhintang Shadananda Municipality ward no. 5 & 1 | M/S UD Builders Companey Pvt .ltd., Bhojpur | ५६२९४१८५.६९ |

कार्यालय प्रमुख



मिक्लाजुङ गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ

**सिलवन्दि बोलपत्र आवह्रानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९।१०।०६**

यस गाँउपालिका अन्तर्गत रहेका नदिहरुबाट स्वीकृत नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरि बिक्रि गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुको लागि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम (मुअकर सहित ) | संकलन र उत्खनन गर्न पाउने अधिकतम परिणाम (घन फिट) | वोलपत्र दस्तुर | माध्यम |
|---|---|---|---|---|---|
| MRM/ MOR/NCB/ REV/02/2079-80 | ठुलो बक्राह, साखरे नाकाहरुबाट ढुंगा गिटि बालुवा, रोडा र ग्राभेल लगायत नदिजन्य पदार्थ संकलन तथा बिक्री | ५,६४,५५,७८१।२५ | २,३५,९६१।९० | ५००० | E- Bidding |
| MRM/ MOR/NCB/ REV/03/2079-80 | मिक्लु,मगर खोला,आँपे,मुगु खोलाका नाकाहरुबाट ढुंगा मात्र र सफेवा र सोल्टी खोलाका नाकाहरुबाट ढुंगा गिटि बालुवा, रोडा र ग्राभेल लगायत नदिजन्य पदार्थ संकलन तथा बिक्री | २,७९,२४,०४५।९२ | १,१६,७१४।९६ | ५००० | E- Bidding |

बिस्तृत विवरण तथा शर्तहरु www.bolpatra.gov.np/egpमा हेर्नुहोला ।

प्रमुख प्रशासकिय अधिकृत



पिपुल्स बहुउद्देश्यीय सहकारी संस्था लि.

**ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/१०/०६**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले व्यावसायिक प्रयोजनका लागि लग्नु भएको कर्जाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तोकता गर्द समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले कर्जा चुक्ता गर्न आउनु भनि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको ३५ दिन भित्रमा यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नु होला अन्यथा ३६ औं दिनमा संस्थाको नियमानुसार धितो लिलाम प्रकृया अगाडी बढाउन जानकारी गरिएको छ ।

| कर्जावालाको तिनपुस्ते विवरण | जमानीकर्ताको तिनपुस्ते विवरण |
|---|---|
| १) **नाम : निर्मला नकर्मी**<br>**बाबुको नामः** दुगा दास पिपल्याते नकर्मी<br>**बाजे/ससुराको नामः** गोरे नकर्मी<br>**ठेगाना** : सिन्धुपाल्चोक<br>गा.वि.स. गुन्सा, वडा नं. ३<br>**नागरिकता नं.** २४१०७०/६६४१<br>**जारी मिति : :** २०६५।०४।०६<br>**जारी जिल्ला :** सिन्धुपाल्चोक | **नाम : सरिना नकर्मी**<br>**बाबुको नाम** दुर्गा दास पिपल्याते नकर्मी<br>**बाजे/ससुराको नामः** गोरे नकर्मी<br>**ठेगाना** : सिन्धुपाल्चोक<br>गा.वि.स. गुन्सा, वडा नं. ३<br>**नागरिकता नं.** २४१०७०/६६४२<br>**जारी मिति : :** २०६५।०४।०६<br>**जारी जिल्ला :** सिन्धुपाल्चोक |
| २)**नाम :** राज मान सुनार<br>**बाबुको नाम :**लाल बहादुर सुनार<br>**बाजेको नाम :** बाबु राम सुनार<br>**ठेगाना :** काठमाण्डौं जिल्ला,<br>धर्मस्थली गा.वि.स. वडा नं. २<br>**नागरिकता नं.:**२९४६।६६७१<br>**जारी मिति :**२०५१।११।०३<br>**जारी जिल्ला :** काठमाण्डौं | **नाम** : कल्पना विश्वकर्मा<br>**बाबुको नाम :** दल बहादुर लुहार<br>**पतिको नाम :**राज मान सुनार<br>**ठेगाना :**नुवाकोट जिल्ला तुप्चे गा.वि.स.<br>वडा नं. २<br>**नागरिकता नं.:** १०५८४०<br>**जारी मिति :**२०६२।१०।०३<br>**जारी जिल्ला :** नुवाकोट |
| ३) **नाम : मधु सुजन खत्री**<br>**बाबुको नाम :** राम खत्री<br>**ससुराको नाम :** लाल बा. खत्री<br>**ठेगाना :** काठमाण्डौं जिल्ला मातातिर्थ गा.वि.स.<br>वडा नं. ८<br>**नागरिकता नं.:**२२१५४/२६६४२<br>**जारी मिति :** २०५१।०३।१९<br>**जारी जिल्ला :** काठमाण्डौं | **नाम : सरिना नकर्मी**<br>**बाबुको नाम** दुगा दास पिपल्याते नकर्मी<br>**बाजे/ससुराको नामः** गोरे नकर्मी<br>**ठेगाना** : सिन्धुपाल्चोक, गा.वि.स. गुन्सा,<br>वडा नं. ३<br>**नागरिकता नं.** २४१०७०/६६४२<br>**जारी मिति : :** २०६५।०४।०६<br>**जारी जिल्ला :** सिन्धुपाल्चोक |
| ४) **नाम : रोशन प्रसाद श्रेष्ठ**<br>**बाबुको नाम :**कमल प्रसाद श्रेष्ठ<br>**बाजेको नाम** रामप्रसाद श्रेष्ठ<br>**ठेगाना :** का.म.न.पा. वडा नं. २३ चिकमुंगल<br>**नागरिकता नं.:**४७४२।३७०८।२२४७३<br>**जारी मिति :** २०३७।१०।२<br>**जारी जिल्ला :** जि.प्र.का.काठमाण्डौं | **नामः विष्णु श्रेष्ठ**<br>**बाबुको नाम :**चन्द्र बहादुर श्रेष्ठ<br>**बाजेको नाम** चक्रमान श्रेष्ठ<br>**ठेगाना :** का.म.न.पा. वडा नं. ११,<br>**नागरिकता नं.:**१२०३६।५७५६।२२६७<br>**जारी मिति :** २०५०।५।१२<br>**जारी जिल्ला :** जि.प्र.का. काठमाण्डा |
| ५) **नामः राजेश सुनुवार रसैली**<br>**बाबुको नाम :**शंखर बहादुर रसैली<br>**बाजेको नाम** ठूलोबाबु सुनुवार<br>**ठेगाना :** गंगबु वडा नं. ५ काठमाण्डौं<br>**नागरिकता नं.:**१०५९७२०२८४<br>**जारी मिति :**२०५६।१२।२<br>**जारी जिल्ला :**जि.प्र.का. काठमाण्डौं | **नामः निरु सुनुवार**<br>**बाबुको नाम :**लालवीर गजमेर<br>**पतिको नाम** राजेश सुनुवार रसैली<br>**ठेगाना :** मोरंग जिल्ला उ.म.न.पा. शनिश्चरे<br>वडा नं. ७ हाल का.जि. गंगबु वडा नं. ५<br>**नागरिकता नं.:**२७३०२७२९५५<br>**जारी मिति :**२०६२।१०।२६<br>**जारी जिल्ला :**जि.प्र.का. काठमाण्डौं |
| ६) **नामः प्रभाकर बिक्रम पि.के.**<br>**बाबुको नाम :** मिर ध्वज पण्डित<br>**बाजेको नाम :** मुक्ति केशर पण्डित<br>**ठेगाना :** काठमाण्डौं जिल्ला काठमाण्डौं<br>म.न.पा. वडा नं. ६<br>**नागरिकता नं.:**४७०९-५९२-११८२-२८२८<br>**जारी मिति :** २०४४।०४।२१<br>**जारी जिल्ला :** काठमाण्डौं | ६) **नामः सुधा कन्दङ्वा**<br>**बाबुको नाम :** लेत बहादुर कन्दङ्वा<br>**आमाको नाम :** सुकराती कन्दङ्वा<br>**ठेगाना :** तेह्रथुम जिल्ला थोक्लुङ<br>गा.वि.स.,वडा नं. ६<br>**नागरिकता नं.:**१०३१/८८२७<br>**जारी मिति :** २०६८।०१।१४<br>**जारी जिल्ला :** तेह्रथुम |
| ७) **नाम : ठाकुर बहादुर कोइराला**<br>**बाबुको नाम :** मंगल बहादुर कोइराला<br>**बाजेको नाम :** सेते कोइराला<br>**ठेगाना :** गोरखा जिल्ला मिरकोट गा.वि.स.,<br>वडा नं. २<br>**नागरिकता नं.:**२५२३१<br>**जारी मिति :** २०४६।०१।१५<br>**जारी जिल्ला :** गोरखा | **नामः अर्जुन गिरी**<br>**बाबुको नाम :** कोपी लाल गिरी<br>**बाजेको नाम :** मोती गिरी<br>**ठेगाना :** सिन्धुपाल्चोक जिल्ला दुवाचौर<br>गा.वि.स.,वडा नं. ९<br>**नागरिकता नं.:**६३०९५<br>**जारी मिति :** २०५०।०८।०७<br>**जारी जिल्ला :** सिन्धुपाल्चोक |

**पिपुल्स बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
कोटेश्वर-३२, काठमाण्डौ, फोन नं. ०१४६१००९२

# संस्कृति संरक्षण गर्न विभिन्न ऐन पारित

■ सौर्य समाचार

काभ्रे । खानीखोला गाउँपालिकाले भाषा ऐन २०७९, खानीखोला प्रज्ञा प्रतिष्ठान ऐन २०७९ र खानीखोला भाषिक तथा सांस्कृतिक सङग्रहालय ऐन २०७९ पारित गरेको छ । गाउँपालिकाभित्र रहेका कला, साहित्य, गीतसंगीत, हस्तकला, लोकवार्ता लगायतका सांस्कृतिक विषयलाई व्यवस्थित ढंगले संरक्षण, प्रवर्द्धन, संवर्द्धन तथा विकास गर्न ऐन पारित गरिएको गाउँपालिका अध्यक्ष अध्यक्ष इन्द्रबहादुर थिङ 'छिन्ताङ' ले बताए । उनका अनुसार गाउँपालिकाको ११औँ गाउँ अधिवेशनले ती ऐन पारित गरेको हो ।



भाषा ऐनलाई भाषा आयोगमार्फत स्थानीय मातृभाषा प्रयोग गर्न सङ्घीय सरकारसमक्ष पठाउने प्रक्रिया थालेको समेत उनले सुनाए। अध्यक्ष थिङले नेपालको मौलिक संस्कृतिको जर्गेना गर्ने लक्ष्यअनुरुप गाउँपालिकाले ऐनहरु पारित गरेको बताए। उनले भने, 'स्थानीय भाषाको संरक्षण एवं प्रवर्द्धनका लागि ती ऐन गाउँसभाबाट पारित गरिएको हो ।'

उनले संविधानमा उल्लिखित भएको मौलिक हकअनुसार गाउँसभामार्फत ऐन पारित गरी, मातृभाषाको प्रवर्द्धनमा योगदान पुऱ्याउने लक्ष्य रहेको बताए । उनका अनुसार सो गाउँपालिकामा तामाङ र मगर समुदायको बाक्लो बस्ती रहेका छन् । अध्यक्ष थिङले भने, 'गाउँपालिकामा भाषा आयोग नेपालबाट मातृभाषामा शिक्षासम्बन्धी एकीकृत अध्ययन गरी राष्ट्रपतिमार्फत वार्षिक प्रतिवेदन बुझाइ नेपाल सरकारसमक्ष मातृभाषामा शिक्षा लागू गर्न सिफारिस समेत गरिएको छ ।'

उनले ऐनअनुसार स्थानीय विद्यालयका लागि स्थानीय भाषामा पाठ्यक्रम तयार गरिने बताउँदै गाउँपालिकाले स्थानीय विद्यालयमा स्थानीय पाठ्क्रम तयार गरी तामाङ मातृभाषा पठनपाठन गर्न चालू आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा बजेटको व्यवस्थासमेत गरेको जानकारी दिए । काभ्रेमा यसअघि मण्डनदेउपुर नगरपालिकाले स्थानीय भाषा ऐन, प्रज्ञा प्रतिष्ठान ऐन र भाषिक तथा सांस्कृतिक सङग्रहालय ऐन पारित गरेको थियो ।

# आत्मकथा तथा स्मरण प्रतियोगिता

■ सौर्य समाचार

काठमाडौं । अभिनव साहित्य समाजले महिला साहित्यिक जागरण अभिवृद्धि कार्यक्रमअन्तर्गत आत्मकथा तथा स्मरण लेखन प्रतियोगिता गरेको छ । गोकर्णेश्वर नगरपालिकाको सहयोगमा महिलालाई आत्मकथा तथा स्मरण लेखन प्रतियोगिता गरिएको समाजका अध्यक्ष गोविन्दप्रसाद घिमिरे वेदमणिले जानकारी दिए । उनका अनुसार प्रतियोगितामा नगरपालिकाका ४० जना महिलाले भाग लिएका थिए । प्रतियोगितामा रञ्जना पोखरेल पहिलो, गीता बराल दोस्रो, सिर्जना पौडेल तेस्रो, ईश्वरी खकुरेल त्रिपाठी र सर्वानन्दा सरस्वतीले सान्त्वना पुरस्कार पाए । पहिलो हुनेलाई सात हजार, दोस्रो हुनेलाई पाँच हजार, तेस्रो हुनेलाई चार हजार र सान्त्वना हुनेलाई दुई-दुई हजार नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

पुरस्कारसहित सम्मानपत्र प्रदान गर्दै गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख सान्नानी लामाले महिलालाई साहित्यिक क्षेत्रमा अघि बढाउन यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिइन् । प्रत्येक महिनाको अन्तिम शनिबार समाजले जोरपाटी क्षेत्रमा साहित्यिक कार्यक्रम गर्दै आएको छ ।


## मोटरसाईकल हरायो

मिति २०७९/०८/२६ गते राती अ.११ बजे देखि २७ गतेको बिहान ५बजे समयमा का.जि.का.म.न.पा वडा नं. ७ चाबहिल गंगाहिटी स्थित आफ्नै घर बाट बागमती प्रदेश ०३,०२ १४ प ८१२ नं. को निलो रंगको २५० सि.सि यामाहा मोटरसाईकल हराएको हुँदा निम्न लिखित ठेगानामा सम्पर्क गरिदिनु होला वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनु होला ।

सवारी धनी : प्रलाद खड्का
ठेगाना : सिन्धुली, दुधौली -०९
च्यासिस नं. : ME1RG426CK0009567
ईन्जिन नं. : G3H7E0106333
सम्पर्क नं. : ९८४००७१६१६

## मालपोत कार्यालय टीकापुरबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना

उपरोक्त सम्बन्धमा जिल्ला कैलाली टिकापुर नपा वडा नं. २ बस्ने नरमा देवी खड्काको ससुरा रेमन्त बहादुर खड्काको बुवा पार्वती देवी खड्काको पति झपट सिह खड्काको मिति २०५९/१२/१७ मा आफ्नै कालगतिले मृत्यु भई सकेकोले मृतकको शेष पछिको हकदार पत्नी पार्वती देवी खड्काको मिति २०६१/५/१० मा र छोरा रेवन्त बहादुर खड्काको मिति २०७४/३/२२ मा मृत्यु भएको र एक मात्र बुहारी म नरमा देवी खड्का मात्र भएकाले मृतक ससुरा झपट सिह खड्काका नाममा दर्ता श्रेस्ता रहेको टिकापुर नपा वडा नं ८ क कि नं. १८९ क्षेत्रफल ०-२-१८ जग्गा मृतक झपट सिह खड्काको नाम लगत कट्टा गरि श्रेष्ता कार्यान्वयन गरी मेरो नाममा एकलौटी नामसारी दा.खा. गरि पाउँ भनि ज.ध. प्रमाण पूर्जाको सक्कल, चालु आ.व.को मालपोत तिरेको रसिद, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाण पत्र सहित यस कार्यालयमा मिति २०७९/९/२६ मा निवेदन दिएकाले उक्त जग्गा श्रेष्ता कार्यान्वयन गरि निवेदक नरमा देवी खड्काका नाममा श्रेष्ता कार्यान्वयन गरी एकलौटी नामसारी दा.खा. नगर्नुपर्ने कुनै कारण भए वा कसैको हकभोग जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र स-प्रमाण सहित हकदावी गर्न आउनु होला अन्यथा ऐन कानून बमोजिम श्रेष्ता कार्यान्वयन गरि एकलौटी नामसारी दा.खा. भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Karnali River Management Project
Bardiya

## Re-Invitation for Bid

First date of publication: The Kathmandu Post of 3 Paush 2079 (18 Dec 2022)
Date of publication: 5th Magh 2079 (19 Jan 2023)

1. Karnali River Management Project (KRMP), Bardiya invites electronic sealed Re-Bid as per PPA 2063 [14-4(ka)] from eligible bidders for the works mentioned below under sealed bid (NCB) procedure.
2. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 20 Magh 2079.

Detail of work:

| S.N. | Contract ID/IFB No. | Description of works & Address | Bid doc fee (Rs) | Bid Security | Bid Validity period |
|---|---|---|---|---|---|
| 1 | KRMP/GRB/ NCB/30/079/080 | Construction of embankment & Spur at Rajapur-10, Pahadipur | 5000 | 0.952 million | 90 days |

*Project Director*



Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Karnali River Management Project
Bardiya

## Re-Invitation for Bid

First date of publication: The Kathmandu Post of 3 Paush 2079 (18 Dec 2022)
Date of publication: 5th Magh 2079 (19 Jan 2023)

1. Karnali River Management Project (KRMP), Bardiya invites electronic sealed Re-Bid as per PPA 2063 [14-4(ka)] from eligible bidders for the works mentioned below under sealed bid (NCB) procedure.
2. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 20 Magh 2079.

Detail of work:

| S.N. | Contract ID/IFB No. | Description of works & Address | Bid doc fee (Rs) | Bid Security | Bid Validity period |
|---|---|---|---|---|---|
| 1 | KRMP/GRB/ NCB/30/079/080 | Construction of embankment & Spur at Rajapur-10, Pahadipur | 5000 | 0.952 million | 90 days |

*Project Director*



## AMIRI GUARD QATAR मा रोजगारको अवसर

الحرس الأميري AMIRI GUARD

Company: State Of Qatar Amiri Guard

पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७८/०८/३१ चलानी नं. ६०१६३१२९ LT No. 245824

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Police Army Staff | 99 | कामदार स्तर | 3000 | १,०८,१२५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

### छनौटका मूलभुत शर्त र अवस्थाहरु :-

(१) अवकाश प्राप्त सैनिक हुनुपर्ने ।
(२) उचाई कम्तीमा ५ फीट ७ ईन्च हुनुपर्ने ।
(३) उमेर ३८ वर्ष ननाघेको हुनुपर्ने ।
(४) शैक्षिक योग्यता कम्तीमा ८ कक्षा उत्तिर्ण हुनुपर्ने । SLC वा सो भन्दा बढी शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईने ।
(५) भरखर सेवाबाट अवकाश भएकालाई प्राथमिकता दिइने ।
(६) आवेदनकर्ता कम्पनीको कार्यालयमा स्वयम उपस्थित भई आफ्ना सम्पूर्ण प्रमाणपत्रहरुको प्रतिलिपि सहित आवेदन गर्न सक्ने । आफ्नो बायोडाटा सहित पेश गर्ने कागजातहरु मध्ये अवकाश पत्र, पासपोर्टको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र तथा UN Mission को प्रमाणपत्रलाई कलर फोटोकपि गरि बाँकी कागजातहरु Black and White मा फोटोकपि गरि पेश गर्नुपर्ने ।
(७) Dog handler तथा Veterinary को अनुभव हुने पूर्व सैनिकहरुले समेत सम्पर्क राख्न सक्नुहुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने भिसा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

**प्रि अन्तरवार्ता धमाधम भइरहेको छ । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७९ माघ १९, २०, २१, २२ र २३ गते (2, 3, 4, 5 & 6 Feb, 2023) हायत रिजेन्सी होटल, बौद्ध, काठमाडौंमा हुनेछ ।**

KTM International Pvt. Ltd.
Gyaneshwar, Kathmandu, Ph.: 01-4544545, 4544561
Lic. No.: 1127/073/74
Mobile : 9801019009, Email: ktm.international@ktmgroups.com

## Malaysia मा रोजगार

### 1. Eonmetall Industries Sdn. Bhd.

पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/०४/२० चलानी नं. ६०१८६९२० LT No. : 270865

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 07 | साधारण | 1500 | ४५,३५०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

### 2. Kai Sik Towa Rubber Products SB

पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/०४/०९ चलानी नं. ६०१८३८३७ LT No. : 267904

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing) | 04 | साधारण | 1500 | ४५,३५०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

### 3. Siraga Iem Snd. Bhd.

पुन: विज्ञापन । पूर्व स्वीकृती मिति: २०७९/०४/२१ चलानी नं. ६०१८५१०० LT No. : 266612

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing) | 02 | साधारण | 1500 | ४५,३५०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने भिसा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | भिसा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०७९ माघ १३ गते (27 Jan, 2022) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।**

लाईफ ईन्टरनेशनल ओभरसिज प्रा. लि.
सामाखुसी, काठमाडौं, फोन : ४४३९८५४, ४४३८१९८, ९८०११९२२५९, ९८०११९२२५०, ९८०१०६४०९१

## कुमारी बैंक लिमिटेड, शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौको तपसीलमा उल्लिखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लिमिटेड) शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौबाट तपसीलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै तपसीलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सूरक्षण बापत व्यक्तिगत जमानी दने व्यक्तिलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनुहुन सूचित गरिएको छ । अन्यथा तहाँलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईएको छ ।

**तपसील**

**१. ऋणीको विवरण:**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०५/१९ मा दर्ता नं. १९७८५८/०७५/०७६ दर्ता कायम भई काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३० स्थित रजिष्टर्ड कार्यालय रहेको **यस ज्वैलर्स प्रा.लि.** का सञ्चालक उग्रेन पी लामाको नाति, छिरिङ्ग छेमेल लामाको छोरा, सुजना गुरुङको पति, स्थायी ठेगाना, हुम्ला जिल्ला, सिमिकोट गा.बि.स/न.पा. वडा नं. ०७, (हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा., कपन वडा नं. १०) बस्ने **येसे लोडोइ लामा** (ना.प्र.नं. १/१९५२/१२, जारी मिति २०५२/०५/०२, जिल्ला प्रशासन कार्यालय हुम्ला) ।

**सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**



१. उग्रेन पी लामाको नाति, छिरिङ्ग छेमेल लामाको छोरा, सुजना गुरुङको पति, स्थायी ठेगाना हुम्ला जिल्ला, सिमिकोट गा.बि.स/न.पा. वडा नं. ०७ भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा., कपन वडा नं. १० बस्ने **येसे लोडोइ लामा** (ना.प्र.नं.१/१९५२/१२, जारी मिति २०५२/०५/०२, जिल्ला प्रशासन कार्यालय हुम्ला ) ।



२. करसाङ्ग गुरुङको नातिनी, सन्त बहादुर गुरुङको छोरी, येसे लोडोइ लामाको पत्नी, स्थायी ठेगाना गोरखा जिल्ला, खोपलाङ गा.बि.स/न.पा. वडा नं. ०४ भई हाल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा., कपन वडा नं. १० बस्ने **सुजना गुरुङ** (ना.प्र.नं. ४४१०२५/१०६७, जारी मिति २०७१/०१/०५, जिल्ला प्रशासन कार्यालय गोरखा) ।

**धितो सुरक्षणको विवरण**

१. **येसे लोडोइ लामा**को नाममा मालपोत कार्यालय चावाहिलमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला जोरपाटी वडा नं.०६, को कि.नं.३८ क्षेत्रफल ३४०.१० (व.मी) को घर/जग्गा र काठमाण्डौ जिल्ला कपन वडा नं.०३, को कि.नं १६० क्षेत्रफल १६२.९६ (व.मी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **यस ज्वैलर्स प्रा.लि.** को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखित वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
Kumari Bank Limited
सबैका लागि, सबैका लागि
शाखा कार्यालय सुन्दरीजल, काठमाण्डौ फोन नं. ०१-४८००७७२

सौर्य दैनिक आर्थिक




साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले फेरि चिनी बिक्री गर्ने कार्य सुरु गरेको छ। आयातित चिनीको स्टक सकिएपछि कम्पनीले गत भदौ देखि बिक्री बन्द गरेको थियो। कर्पोरेसनका बजार प्रबन्धक प्रज्वल प्रधानले प्रतिकेजी ८८ रुपैयाँ र २ केजीको प्याकेटको एक सय ८४ रुपैयाँले दरले बिक्री गर्दै आएको बताए

सरकारले चालु आर्थिक वर्ष २०७९/०८० का लागि उखुको न्यूनतम खरिद मूल्य तोकेको छ। मन्त्रिपरिषद् बैठकले उखुको न्यूनतम समर्थन मूल्य तोकेको हो। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार उखुको न्यूनतम खरिद मूल्य प्रतिक्विन्टल ५ सय ४० निर्धारण गरिएको छ




# वितरण तर्फको विद्युत् चुहावट ७.४९ प्रतिशतमा झऱ्यो

**सौर्य समाचार**



काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष (आव) २०७९/८० को पहिलो पाँच महिनामा वितरणतर्फको विद्युत चुहावटलाई घटाएर ७.४९ प्रतिशतमा झारेको छ । नियमित रुपमा विद्युत् आपूर्ति र प्राविधिक तथा गैह्रप्राविधिक चुहावट नियन्त्रणका लागि सञ्चालन गरिएका अभियानबाट प्राधिकरणले गत वर्षको मंसिरसम्मको वितरणतर्फको संचित चुहावटको तुलनामा यो वर्ष १.७४ प्रतिशत विन्दुले घटाइएको छ । गत वर्ष मंसिरसम्मको वितरणतर्फको विद्युत चुहावट ९.२३ प्रतिशत थियो । गत आर्थिक वर्ष २०७८/७९मा वितरणतर्फको समग्र विद्युत चुहावट १०.८६ प्रतिशत थियो ।

चालू आवको मंसिरसम्ममा वितरण प्रणालीमा ४ अर्ब १४ करोड ७५ लाख युनिट विद्युत प्राप्त भएकोमा ३ अर्ब ८३ करोड ६७ लाख युनिट विद्युत बिक्री भएको छ । ३१ करोड ७ लाख ७९ हजार युनिट विद्युत चुहावट भएको छ । मंसिरसम्म प्रसारण लाइनतर्फको चुहावट ४.५६ प्रतिशत छ । प्रसारण र वितरणतर्फ गरी मंसिरसम्ममा समग्र प्रणालीको विद्युत चुहावट १२.०५ प्रतिशत छ। गत असारसम्ममा समग्र प्रणालीको विद्युत चुहावट १५.३८ प्रतिशत थियो ।

प्रणालीमा रहेको विद्युत चुहावटमध्ये सबैभन्दा ठूलो हिस्सा वितरणतर्फको हुने गर्छ। प्राधिकरणले चालु आवमा समग्र प्रणालीको विद्युत चुहावटलाई १४ प्रतिशतमा र वितरणतर्फको चुहावटलाई ८.५ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले करिब ७ वर्षअघि वितरणतर्फको चुहावट झण्डै २२ प्रतिशत रहेकोमा अहिले घटाएर ७.४९ प्रतिशतमा झार्न सफल हुनु ठूलो उपलब्धी भएको बताए। प्राविधिक र गैह्रप्राविधिक चुहावट नियन्त्रणका लागि चालिएका कदमलाई अझै सशक्त र प्रभावकारी बनाएर चुहावटलाई लक्ष्यभन्दा अझै कम बनाउने गरी सम्पूर्ण टिम परिचालन गरिएको कार्यकारी निर्देशक घिसिङले बताए ।

'यस अवधिमा नयाँ सबस्टेसन निर्माण सम्पन्न भएको, सञ्चालमा रहेका सबस्टेसनको स्तरोन्नति गरिएको, औद्योगिक क्षेत्रमा विद्युत खपत बढेको, मिटर रिडिङलाई प्रभावकारी बनाउँदा ग्राहककोमा सञ्चित रहेको युनिट विलिङ हुँदा चुहावट घटेको हो' घिसिङले भने । हुकिङलगायतबाट हुने विद्युत चोरी नियन्त्रणका लागि नियमित अनुगमन तथा कारबाही, ओभरलोड भएका सबस्टेसन, र फिडर लाइनहरुको सुदृढीकरण तथा नयाँ सबस्टेसनको निर्माण, कन्डक्टर, ट्रान्सफर्मर फेर्नेलगायतका काममा गरिएको पनि उनले बताए ।

जाडोमा पहाडी र गर्मीमा तराई क्षेत्रमा प्राविधिक चुहावट केही बढ्न सक्ने उल्लेख गर्दै घिसिङले यसलाई ध्यान दिंदै चुहावटलाई वाञ्छित सीमाभन्दा तल झार्ने गरी काम भइरहेको जानकारी दिए। सबस्टेसनको क्षमता बृद्धि गर्ने, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्रि फेज मिटरको प्रयोगलाई प्रोत्साहन गर्ने लगायतका कदमको परिणाम चुहावट नियन्त्रणमा देखिएको हो । गैह्रप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण,महशुल बक्यौता असुलीमा कडाइ, मिटर वाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारवाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने मिटर रिडिङ नभएको ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रुपमा चलाइएको उनको भनाई छ ।

## मधेश प्रदेशमा बढी विद्युत् चुहावट

काठमाडौं । विद्युत् प्राधिकरणले प्राधिकरणका सातवटा प्रादेशिक कार्यालय र दुईवटा प्रदेश डिभिजन कार्यालय मातहतका वितरण केन्द्रमध्ये सबैभन्दा बढी विद्युत चुहावट मधेश प्रदेश प्रादेशिक कार्यालय, जनकपुरको रहेको बताएको छ । प्रादेशिक कार्यालय जनकपुर मातहतका २३ वटा वितरण केन्द्रको मंसिरसम्ममा समग्र विद्युत चुहावट १२.८० प्रतिशत छ । अघिल्लो वर्ष सोही अवधिमा १२.९७ प्रतिशत थियो। सर्लाहीको मलंगवा वितरण केन्द्रको सबैभन्दा बढी ४४.८३ प्रतिशत विद्युत चुहावट रहेको छ। गत वर्ष मलंगवा वितरण केन्द्रको विद्युत चुहावट ४३.८२ प्रतिशत थियो ।

रौतहटको मौलापुर वितरण केन्द्रको विद्युत चुहावट ४०.५५ प्रतिशत रहेको थियो। गत वर्ष त्यस केन्द्रको चुहावट ७.२२ प्रतिशत थियो । बाराको सिम्रौनगढ वितरण केन्द्रको विद्युत चुहावट ३७.८२ प्रतिशत छ। गत वर्ष त्यस केन्द्रको चुहावट ३९.८० प्रतिशत थियो। महोत्तरीको जलेश्वर वितरण केन्द्रको चुहावट गत वर्ष ३७.६१ प्रतिशत रहेकोमा यस वर्ष ३४.५१ प्रतिशत रहेको छ ।

प्रदेश नं १ प्रादेशिक कार्यालय विराटनगर मातहतका २४ वटा वितरण केन्द्रको मंसिरसम्मको समग्र विद्युत चुहावट ७.४२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष सोही अवधिमा चुहावट ९.९४ प्रतिशत थियो। प्रादेशिक कार्यालय अन्तर्गत सबैभन्दा बढी विद्युत चुहावट मोरङको रङगेली वितरण केन्द्रको छ । यस केन्द्रको विद्युत चुहावट २०.५२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष १५.६० प्रतिशत थियो ।

बागमती प्रदेशअन्तर्गत प्रदेश डिभिजन कार्यालय हेटौडा मातहतका ६ वटा वितरण केन्द्रहरुको अघिल्लो वर्षको मंसिरसम्ममा ४ प्रतिशत रहेको समग्र विद्युत चुहावट यस वर्ष सोही अवधिमा ४.५३ प्रतिशत रहेको छ। डिभिजन कार्यालय अन्तर्गत सबैभन्दा बढी मकवानपुरको पालुङ वितरण केन्द्रको २४.६४ प्रतिशत विद्युत चुहावट रहेको छ। गत त्यस केन्द्रको ३०.१४ प्रतिशत चुहावट थियो ।

बागमती प्रदेश प्रादेशिक कार्यालय काठमाडौं मातहतका २० वटा वितरण केन्द्रहरको समग्र विद्युत चुहावट ५.३३ प्रतिशत रहेको छ। अघिल्लो वर्ष ७.४७ प्रतिशत थियो। प्रादेशिक कार्यालय काठमाडौं मातहत सिन्धुपाल्चोक वितरण केन्द्रको सबैभन्दा बढी २१.३७ प्रतिशत चुहावट रहेको छ। अघिल्लो वर्ष त्यस केन्द्रको ३१.९३ प्रतिशत चुहावट थियो। गण्डकी प्रदेश अन्तर्गत प्रादेशिक कार्यालय पोखरा मातहतका १२ वटा वितरण केन्द्रहरुको गत वर्षको मंसिरसम्मको समग्र विद्युत चुहावट ७.९१ प्रतिशत रहेकोमा यस वर्ष ६.४३ प्रतिशत रहेको छ । कार्यालय अन्तर्गत सबैभन्दा बढी चुहावट म्याग्दीको तातोपानी वितरण केन्द्रको छ। केन्द्रको चुहावट अघिल्लो वर्ष ५.७१ प्रतिशत रहेकोमा यस वर्ष बढेर ४१.७८ प्रतिशत पुगेको छ ।

लुम्बिनी प्रदेश अन्तर्गत प्रादेशिक कार्यालय बुटवल मातहतका ११ वटा वितरण केन्द्रहरुको समग्र विद्युत चुहावट ६.०२ प्रतिशत रहेको छ । गत वर्ष ९.४८ प्रतिशत थियो । कार्यालय अन्तर्गत सबैभन्दा बढी चुहावट गुल्मी वितरण केन्द्रको १९.७९ प्रतिशत रहेको छ। गत वर्ष केन्द्रको चुहावट १९.९९ प्रतिशत थियो ।

लुम्बिनी प्रदेश अन्तर्गत प्रदेश डिभिजन कार्यालय नेपालगञ्ज मातहतका ९ वटा वितरण केन्द्रहरुको गत वर्षको मंसिरसम्ममा ७.८० प्रतिशत रहेकोमा यस वर्ष ३.९७ प्रतिशत रहेको छ। कार्यालय अन्तर्गत सबैभन्दा बढी विद्युत चुहावट रोल्पा वितरण केन्द्रको १४.९० प्रतिशत रहेको छ। अघिल्लो वर्ष त्यस केन्द्रको चुहावट १९.२९ प्रतिशत थियो।

कर्णाली प्रदेश अन्तर्गत प्रादेशिक कार्यालय सुर्खेत मातहतका ७ वटा वितरण केन्द्रहरुको समग्र विद्युत चुहावट १०.५८ प्रतिशत रहेको छ। गत वर्ष १३.३२ प्रतिशत थियो। कार्यालय अन्तर्गत सबैभन्दा बढी चुहावट रुकुम (पश्चिम) वितरण केन्द्रको रहेको छ। केन्द्रको चुहावट गत वर्ष २७.१३ प्रतिशत रहेकोमा यस वर्ष बढेर ३६.६५ प्रतिशत पुगेको छ ।

सुदूरपश्चिम प्रदेश अन्तर्गत प्रादेशिक कार्यालय अत्तरिया मातहत १२ वटा वितरण केन्द्रहरुको मंसिरसम्मको समग्र विद्युत चुहावट ५.९८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा चुहावट ५.७६ प्रतिशत थियो । कार्यालय अन्तर्गत सबैभन्दा बढी चुहावट बझाङ वितरण केन्द्रको रहेको छ । गत वर्ष १९.७७ प्रतिशत रहेको केन्द्रको चुहावट यस वर्ष बढेर २१.९१ प्रतिशत पुगेको छ ।



## लक्ष्मी बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणी, जमानतकर्ताहरु तथा सम्बद्ध सबैलाई ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीको लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना ।

(प्रकाशित मिति २०७९/१०/०६)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले मिति २०७९/०७/३० गते बुधबारको आर्थिक राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेकोले यो ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा ब्याज तथा हर्जना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फर्छ्यौट गरी लेखिदिएको धितो फुकुवा गरी लैजानु हुनका लागि सम्बन्धित ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम ऋणी तथा जमानीकर्ता लगायत सम्बद्ध सबैलाई बिना अन्य सूचना कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराइन्छ। साथै तपसिलमा उल्लेखित धितो सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त धितो सम्पत्ति के-कति दर भाउ र मूल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य सिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय दमकमा दाखिला गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन अर्थात् मिति २०७९/१०/२१ (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै-बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय दमकमा दिनको ठीक ११.०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, धितो जमानीकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम एक प्रतिको रु. १०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकको प्रधान कार्यालय हात्तीसार, काठमाण्डौमा तथा शाखा कार्यालय दमकमा उपलब्ध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री हुन नसकेमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा जानकारी गराउँदै उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी लगायतका सम्बद्ध व्यक्तिहरुको अन्य चल-अचल सम्पत्तिबाट समेत असुल उपर गरी लिइने वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ। साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालकले समेत यसै सूचना बमोजिम ऋणीलाई तोकिएको अवधी भित्रमा कर्जा चुक्ता गर्न लगाउनु हुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणी तथा जमानतकर्ताको विवरण | फोटो | धितो सुरक्षणको विवरण |
| --- | --- | --- |
| १) **ऋणीको नाम** : नेपाल सरकार, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं, दर्ता नं. २४५७१०/०७७/०७८ मिति २०७७/०७/०२ मा दर्ता भई झापा जिल्ला, शिवसताक्षी न.पा. वार्ड नं. ११ मा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजस्व कार्यालय, दमक स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०९८३३९३३ मिति २०७७/०७/१३ मा दर्ता भएको **पञ्चमुखी कुखुरा पशुपालन तथा कृषि फर्म प्रा.लि.** । <br> **संचालक/व्यक्तिगत तथा धितो जमानतकर्ता : कामना गिरी** (ना.प्र.नं. १८८६८/८३१, जिल्ला प्रशासन कार्यालय मोरङ, उर्लाबारी, मिति २०६१/१०/०३) <br> **बाबु** : सुरेन्द्र ढकाल **ससुरा** : रामचन्द्र गिरी **पति** : जिवन गिरी <br> **ठेगाना** : मोरङ जिल्ला, शनिश्चरे उ.म.न.पा./गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वार्ड नं. ०९ । <br> **व्यक्तिगत तथा धितो जमानतकर्ता : जिबन गिरी** (ना.प्र.नं. २७२७/५९४२ जिल्ला प्रशासन कार्यालय मोरङ, उर्लाबारी, मिति २०५२/०४/२२) <br> **बाबु** : रामचन्द्र गिरी **बाजे** : नरनाथ गिरी <br> **ठेगाना** : मोरङ जिल्ला, शनिश्चरे उ.म.न.पा./गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वार्ड नं. ०९ । |  कामना गिरी <br>  जिवन गिरी | १) ऋणी प्रा.लि.का संचालक कामना गिरीको नाममा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला शिवगंज न.पा./गा.पा. वडा नं. ७/ङ, स्थित कित्ता नं. १६०४३ र १६०४४ को क्षेत्रफल क्रमश: ०-३-११¹/² र ०-०-०¹/² जग्गा तथा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । <br> २) व्यक्तिगत/धितो जमानतकर्ता जिवन गिरीको नाममा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला शिवगंज न.पा./गा.पा. वडा नं. ७/घ, स्थित कित्ता नं. १५६२७ र १५६२३ को क्षेत्रफल क्रमश: ०-०-४ र ०-०-६ जग्गा तथा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । <br> ३) ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु र ऋणीले बजारबाट उठाउन बाँकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन । |
| २) **ऋणीको नाम** : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, झापामा प्रा.फ.र.नं. २९९/२८६७ मिति २०६८/०९/१४ मा दर्ता भई झापा जिल्ला सतासीधाम गा.वि.स./न.पा. वडा नं. ६ मा रजिष्टर्ड ठेगाना रहेको आन्तरिक राजश्व कार्यालय भद्रपुरमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०४५९८१५५ मिति २०६७/१२/०९ मा दर्ता भएको **डेबिट ट्रेड एण्ड सप्लायर्स ।** <br> **प्रोप्राईटर तथा धितो जमानतकर्ता : जिबन गिरी** (ना.प्र.नं. २७२७/५९४२ जिल्ला प्रशासन कार्यालय मोरङ, उर्लाबारी, मिति २०५२/०४/२२) <br> **बाबु** : रामचन्द्र गिरी **बाजे** : नरनाथ गिरी <br> **ठेगाना** : मोरङ जिल्ला शनिश्चरे न.पा./गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वार्ड नं. ०९ । <br> **व्यक्तिगत/धितो जमानतकर्ता : कामना गिरी** (ना.प्र.नं. १८८६८/८३१, जिल्ला प्रशासन कार्यालय मोरङ, उर्लाबारी, मिति २०६१/१०/०३) <br> **बाबु** : सुरेन्द्र ढकाल **ससुरा** : रामचन्द्र गिरी पति : जिवन गिरी <br> **ठेगाना** : मोरङ जिल्ला, शनिश्चरे न.पा./गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वार्ड नं. ०९ । |  कामना गिरी <br>  जिवन गिरी | १) ऋणी फर्मका प्रोप्राईटर जिवन गिरीको नाममा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला शिवगंज न.पा./गा.पा. वडा नं. ७/घ, स्थित कित्ता नं. १५६२७ र १५६२३ को क्षेत्रफल क्रमश: ०-०-४ र ०-०-६ जग्गा तथा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । <br> २) धितो जमानतकर्ता कामना गिरीको नाममा मालपोत कार्यालय दमकमा दर्ता कायम रहेको झापा जिल्ला शिवगंज न.पा./गा.पा. वडा नं. ७/ङ, स्थित कित्ता नं. १६०४३ र १६०४४ को क्षेत्रफल क्रमश: ०-३-११¹/² र ०-०-०¹/² जग्गा तथा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । <br> ३) ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु र ऋणीले बजारबाट उठाउन बाँकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन । |

पुनश्च : अन्य जानकारीको लागि यस बैंकको केन्द्रीय कार्यालय हात्तीसार स्थित कर्जा असुली विभागमा तथा शाखा कार्यालय दमकमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com


## खाद्य सुरक्षा सुनिश्चितताको माग

**सौर्य समाचार**




काठमाडौं । दक्षिण एसियामा खाद्य सुरक्षाको सुनिश्चितताका लागि कृषि उत्पादन वृद्धिसँगै बजारसम्मको पहुँच सुनिश्चितता गर्न सरोकारवालाहरुले माग गरेका छन । काठमाडौंमा आयोजित प्रथम दक्षिण एसियाली कृषि सम्मेलनका क्रममा नीति निर्माता र व्यवसायीले पछिल्लो समय अन्तराष्ट्रिय व्यापारमा गैर भन्सार अवरोध बढन थालेकाले यसमा सुधार आवश्यक रहेको बताएका हुन ।

भारत सब कन्टिनेन्ट एग्रि फाउन्डेसन, टेफ्ला र नेपाल उद्योग वाणिज्य महासंघले संयुक्त रुपमा आयोजना गरेको उक्त सम्मेलनमा महासंघ अध्यक्ष शेखर गोल्छाले सम्मेलनले नेपाली उत्पादनको बजारीकरणमा सहयोग पुग्ने बताए। दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) मा यस क्षेत्रका मुलुक बीच व्यापार विस्तारको अवसर भएपनि कृषिजन्य उत्पादनको निर्यातमा गैर भन्सार अवरोध लगायतका समस्या रहने गरेको छ ।

अध्यक्ष गोल्छाले नेपालको तुलनात्मक लाभ भएका वस्तुहरुको निर्वाध निर्यातका लागि देशभित्र सहुलियत बढाउनुपर्ने र अन्तराष्ट्रिय बजारमा सहज पहुँच सुनिश्चित गरिनुपर्ने बताए । श्रीलंकाका व्यापार एवं खाद्य सुरक्षा मन्त्री नलीन फर्नान्डोले यस क्षेत्रका ४० प्रतिशत सिमान्तकृत किसान रहेकाले उनीहरुको उत्पादन वृद्धि र बजार सुनिश्चितताका लागि पहल गर्नुपर्ने वताए ।

कृषि क्षेत्रको निर्यात लागत निक्कै महंगो भएको र यहाँका धेरै देशहरु खुद कृषिजन्य वस्तु आयात रहेको बताउँदै खाद्य सुरक्षा सुनिश्चिततामा विशेष प्रयास आवश्यक रहेको उनको भनाई थियो । दक्षिण एसियाले संयुक्तरुपमा प्रयास गर्दा यहाँको खाद्य सुरक्षा सुनिश्चितता र किसानको आय वृद्धिमा सहयोग पुग्ने विश्वास पनि मन्त्री फर्नान्डोले गरे ।

दुवई मल्टि कमोडिटिस सेन्टरका कार्यकारी अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत अहमत विन सुलेयमले दक्षिण एसियाले दुवईको बजारबाट फाइदा लिन सक्ने वताए । कृषि बजार विस्तारका लागि ब्लकचेन लगायतका प्रविधिमा आधारित व्यापारको उपयोग गर्न सकिने पनि उनको भनाई थियो ।

सम्मेलनमा विशेष अतिथि उद्योग सचिव डा.तोया नारायण ज्ञवालीले सम्मेलनका क्रममा हुने छलफलले निर्यात एवं लगानी प्रवर्द्धनमा सहयोग पुग्ने बताए । उनले सम्मेलनमा लगानीलाई बढि प्राथमिकता दिनुपर्ने बताए । लगानी बढदा निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनमा सहयोग पुग्ने उनको भनाई थियो ।

उनले साफ्टा अन्तर्गत सबै मुलुकले फाइदा लिन सम्वेदनशील सूचीमा रहेका वस्तुहरु घटाउनुका साथै गैर भन्सार अवरोध हटाउनुपर्नेमा जोड दिए। उनले दक्षिण एसियाले प्रविधिको उपयोग बढाउनुका साथै व्यापार अवरोध हटाउन सके कृषि क्षेत्रमा दक्षिण एसिया विश्वकै महाशक्ति हुनसक्ने बताए । सम्मेलनमा १२ देशका करिब ४ सय सहभागि रहेका छन ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४



सर्बियन टेनिस स्टार नोभाक जोकोभिच अष्ट्रेलियन टेनिसको तेस्रो चरणमा प्रवेश गरेका छन् । मेलबर्नमा बिहीबार भएको खेलमा फ्रान्सका एन्जो कुवाकोडलाई हराएर जोकोभिचले तेस्रो चरणमा स्थान बनाएका हुन्

# सौर्य खेलकुद

सहिद स्मारक 'ए' डिभिजन लिगको नवप्रवेशी क्लब एफसी खुमलटारमा अनुबन्धित अफ्रिकी खेलाडी थियोफिलस आरोन नेपाल आईपुगेका छन् । घानाका मिडफिल्डर आरोन बिहीबार नेपाल आईपुगेको खुमलटारले जनाएको छ




## मुख्य प्रशिक्षकका लागि पाँचजनासँग अन्तर्वार्ता

■ सौर्य समाचार

काठमाडौं । नेपाल क्रिकेट संघ (क्यान) ले नेपाली क्रिकेट टोलीको मुख्य प्रशिक्षकको लागि पाँच जनाको नाम सर्टलिष्ट गर्दै बुधबार अन्तरवार्ता लिएको छ । अघिल्लो महिना भारतीय प्रशिक्षक मनोज प्रभाकरलाई हटाएपछि रिक्त रहेको पदमा क्यानले खुल्ला आवेदन मागेको थियो ।

कुल २४ जनाले आवेदन दिँदा पाँच जनाको नाम सर्टलिष्टमा परेको थियो । क्यानले सर्ट लिष्टमा परेका भारतीय मोन्टी देशाई, पूर्व मुख्य प्रशिक्षक देभ ह्वाटमोर, श्रीलंका तीव्र गतिका बलर धाम्मिका प्रसाद, दक्षिण अफ्रिकी रसेल क्रेग डोमिंगो र न्युजिल्यान्ड टी-२० टोलीका पूर्वप्रमुख प्रशिक्षक ग्लेन पोकनलसँग बुधबार अन्तरवार्ता लिएको छ ।

'प्रशिक्षकको नाम सार्वजनिक गर्न दुई तीन दिन अझै लाग्छ । हामीले बन्द प्रशिक्षणको लागि प्रशिक्षक आउनु अघि नै खेलाडीको नाम बोलाउछौं । प्रशिक्षक आउन अझै केहि समय लाग्छ', क्यानका कार्यवाहक सचिव प्रशान्त विक्रम मल्लले भने ।

बलात्कार आरोप लागेका सन्दीप लामिछाने टोलीमा हुने वा नहुनेमा आफूहरुले बुझिरहेको मल्लले बताए । 'सन्दीपलाई बोलाउने विषयमा हामी बुझ्दैछौं । धेरै ठाउँमा बुझ्न पर्छ । हामीले बुझेर सबै ठिक भएमा मात्रै बोलाउँछौं', उनले भने ।

अर्को महिना घरेलु मैदान टियुमा आइसिसी विश्वकप लिग-२ त्रिकोणात्मक ओडिआई सिरिज अन्तर्गत, नेपाल, नामिबिया र स्कटल्यान्डबीच प्रतिस्पर्धा हुनेछ । त्यसको लागि क्यानले मैदानको तयारी भने सुरु गरिसकेको छ ।

श्रीलंकालाई १९९६ मा विश्वकप उपाधि जिताएका देभ ह्वाटमोरले गतवर्ष ८ महिना काम गर्दै भारतीय घरेलु टोली हेर्न पुगेका थिए । छोड्ने बेला नै पुन नेपाल फर्किन सक्ने बताएका थिए । तीव्र गतिका धाम्मिका प्रसादले भने गत वर्ष आइसिसी टि२० विश्वकप छनोट ए मा नेपालको मुख्य प्रशिक्षकको रुपमा काम गरेका थिए ।

मोन्टीले ब्याटिङ सल्लाहकारको रुपमा नेपाली सिनियर र यू-१९ टोली हेरिसकेका छन् । नेपालले २०१७ मा भारतलाई यू१९ एसिया कपमा हराउँदा मोन्टी ब्याटिङ सल्लाहकार थिए । अघिल्लो महिना देखि मोन्टीले वेस्टइन्डिजसँग तीन वर्ष प्रमुख ब्याटिङ प्रशिक्षक अवधि सकाएका थिए ।

नेपालले लगातार मोन्टी देशाईलाई ल्याउन प्रयास गर्दै आएको छ । देभ ह्वाटमोर, पुबुदु दासानायके र मनोज प्रभाकरलाई ल्याउनु अघि मोन्टी नै पहिलो रोजाईमा थिए । तर मोन्टीले आइपिएलको कारण कम समय दिने बताएपछि अन्यलाई छनोट गरेको थियो । यो पटक भने मोन्टीको बलियो सम्भावना रहेको बुझिएको छ ।

## सन्दीपलाई बोलाउने निर्णय भएको छैन : मल्ल



■ सौर्य समाचार

काठमाडौं । नेपाल क्रिकेट संघ (क्यान) का कार्यवाहक सचिव प्रशान्त विक्रम मल्लले बलात्कार आरोपित नेपाली राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेलाई अन्य खेलाडीहरुसँगै प्रशिक्षणमा बोलाउने कुनै पनि निर्णय नभएको स्पष्ट पारेका छन् । सन्दीपलाई आफै प्रशिक्षण गर्ने भने अधिकार भएको मल्लले बताए ।

मल्लले भने, 'धरौटीमा रिहामा भएपछि सन्दीपले आफै ढंगले प्रशिक्षण गर्न पाउँछन् । तर, उनलाई अन्य खेलाडीहरुसँग राखेर प्रशिक्षण गराउने भन्ने विषयमा अहिलेसम्म क्यानले कुनै पनि निर्णय गरेको छैन । अब केही दिनमा बैठक बसेर यसबारे सोच्न भने सकिन्छ ।' लामिछाने अहिले नाबालिगमाथि बलात्कारको आरोप झेली रहेका छन् । हाललाई भने उनी शर्तसहित २० लाख धरौटीमा रिहा भएका छन् । धरौटीमा रिहा भएपछि राष्ट्रिय टोलीमा सन्दीपको पुनरागमन कहिले हुन्छ ? कसरी हुन्छ भन्ने विषयमा चौतर्फी चर्चा चलेको छ ।

## अन्तर कलेज फुटसल प्रतियोगिता हुने




■ सौर्य समाचार

काठमाडौं । खेलकुदका माध्यमबाट आपसी भाइचारा, सहअस्तित्व र मित्रता अभिवृद्धि गर्ने उद्देश्यका साथ ललितपुरको जावलाखेलमा अवस्थित डि.ए.भी. कलेजले फुटसल प्रतियोगिता गर्न लागेको छ ।

कलेजले प्लस २, ६ए साइड चौथो अन्तर कलेज फुटसल प्रतियोगिता गर्न लागेको एकेडेमिक डाइरेक्टर सुमन बस्नेतले जानकारी दिए । उनका अनुसार गत वर्षको पुरस्कार राशिमा वृद्धि गरी विजेता टिमलाई रू ३ लाख नगद, ट्रफी र प्रमाणपत्र तथा उपविजेता टिमलाई रू २ लाख नगद, ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ ।

यस्तै उत्कृष्ट खेलाडी, गोलरक्षक र उच्च गोलकर्तालाई पनि व्यक्तिगत ट्रफी र नगद पुरस्कारले पुरस्कृत गरिने उल्लेख गरेको छ । यही माघ २० गतेदेखि २२ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा पहिला दर्ता हुन आउने ३२ टिमलाई मात्र सहभागी गराइने कलेजले जानकारी गराएको छ ।

## राइट टु प्रोटिन रन हाफ म्याराथनको तयारी पूरा




■ सौर्य समाचार

काठमाडौं । नेपाल भेटेरिनरी एसोसिएसनले आयोजना गर्ने दोस्रो संस्करणको राइट टु प्रोटिन रन हाफ म्याराथनको तयारी पूरा भएको छ । आयोजकले काठमाडौंमा एक पत्रकार सम्मेलन गरि तयारी पूरा भएको जनाएको छ ।

राइट टु प्रोटिनको मर्मलाई आत्मसात गर्दै प्रोटिनजन्य पदार्थमा पहुँच बढाउन जनचेतना जगाउने उद्देश्यका साथ माघ ७ गते हाफ म्याराथन आयोजना गर्न लागिएको हो । दशरथ रंगशालाबाट सुरु हुने हाफ म्याराथनसहितका विभिन्न विधामा झण्डै पाँच हजारको सहभागिता रहने एसोसिएसनले जनाएको छ ।

एसोसिएसनले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष सितलकाजी श्रेष्ठले ३३ सय भन्दा बढी खेलाडीले नाम दर्ता गराई सकेको जानकारी दिएका छन् । यस म्याराथनमा सबैभन्दा कम ६ वर्ष र सर्वाधिक धेरै ७२ वर्षको खेलाडीको सहभागीता रहनेछ ।

बिहीबार विहानसम्म हाफ म्याराथन पुरुषतर्फ २ सय ९३ र हाफ म्याराथन महिलातर्फ ४३ जनाले नाम दर्ता गराई सकेका छन् । १० किलोमिटर पुरुष दौडतर्फ १ हजार ६ सय ७५ जनाले नाम दर्ता गराएका छन् । ५ किलोमिटर महिलातर्फ ४ सय ५७ जनाले नाम दर्ता गराएका छन् ।

५ किलोमिटर स्कुल पुरुषतर्फ ४ सय १५, ३ किलोमिटर स्कुल महिलातर्फ ३ सय ६५, ह्विलचियर पुरुषतर्फ १८ र महिलातर्फ ३८ जनाले नाम दर्ता गराई सकेका छन् । शुक्रबार बिहानसम्म नाम दर्ता गर्न सकिने आयोजकले जनाएको छ ।

म्याराथनमा कुल पुरस्कार राशी १४ लाख ८३ हजार ३ सय ३३ रुपैयाँ रहेको छ । हाफ म्याराथनमा प्रथम पुरस्कार करसहित १ लाख ३३ हजार ३ सय ३३ रुपैयाँ रहेको छ । पाँचौं स्थानसम्म रहनेलाई पुरस्कारको व्यवस्था गरिएको छ ।

यस प्रतियोगितामा खेलाडीहरुलाई सुविधाका लागि १२ स्थानमा पानी र प्राथमिक उपचारको व्यवस्था हुनेछ । प्रतियोगिता व्यवस्थापनको लागि ३ सय जना स्वयं सेवकहरु हुनेछन् । दौड प्रतियोगितालाई नेपाल एथ्लेटिक एसोसिएसनले मान्यता दिनुको साथै प्राविधिक सहयोग गरेको छ ।

# विश्व

## 'युरोको अर्थ व्यवस्था सोचेभन्दा राम्रो हुने'

■ एजेन्सी




स्वीट्जरल्यान्ड । युरोपेली केन्द्रीय बैंक (ईसीबी) का प्रमुख क्रिस्टीन लेगार्डले युरो क्षेत्रको अर्थतन्त्र यस वर्ष सुरुमा सोचेभन्दा निकै राम्रो देखिएको बताएकी छन् । डाभोसमा आयोजित विश्व आर्थिक मञ्चमा लेगार्डले भनिन्, 'पछिल्ला केही हप्तामा आर्थिक सुधारको पाटो निकै सकारात्मक भएको छ ।' जर्मनीजस्ता केही ठूला अर्थतन्त्रले संकुचनलाई पूर्णतया पन्छाउँदै २० राष्ट्रको समूहमा मन्दीको चर्चाबीच 'सामान्य सङ्कुचन' देखिएको उनले बताइन् ।

ईसीबीले सन् २०२३ मा युरो क्षेत्रमा ०.५ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान गरेको छ । 'त्यसैले, यो एक शानदार वर्ष होइन, तर यो हामीले सोचेको भन्दा धेरै राम्रो छ,' लेगार्डले भनिन् । गत वर्ष युक्रेनमा भएको युद्धका कारण बढेको ऊर्जाको मूल्य घट्न थालेपछि सुधारको आशा देखिएको हो । हल्का जाडो मौसमले पनि ग्यासको अभावको डरलाई कम गर्न मद्दत गरेको छ ।

कम ऊर्जा लागतले युरो क्षेत्रको मुद्रास्फीति अक्टोबरमा १०.६ प्रतिशतमा पुगेको भएपनि गिरावट ल्याउन योगदान पुऱ्याएको छ । उपभोक्ता मूल्य वृद्धि डिसेम्बरमा ९.२ प्रतिशतमा खुम्चिएको छ, जसले मुद्रास्फीतिले अन्ततः आफ्नो चरम सीमा पार गरेको आशालाई बढावा दिएको छ ।

यद्यपि लेगार्डले मुद्रास्फीति अझै पनि 'धेरै उच्च' रहेको बताइन् । ईसीबीले मुद्रास्फीतिलाई नियन्त्रण गर्न आक्रामक रूपमा ब्याज दरमा वृद्धि गरिसकेको छ र जुलाईदेखि यसको प्रमुख दरहरू २.५ प्रतिशत बिन्दुले बढाएको छ ।

लेगार्डले मुद्रास्फीतिलाई ईसीबीको दुई प्रतिशतको लक्ष्यमा फर्काउनका लागि थप ब्याज दर वृद्धि हुने दोहोऱ्याइन् । 'हामी कोर्समा रहनेछौं,' लेगार्डले भनिन् ।

## विश्वकै कान्छी प्रधानमन्त्रीले गरिन् पदत्यागको घोषणा

■ एजेन्सी

वेलिङ्टन । न्युजिल्याण्डकी प्रधानमन्त्री जसिन्डा आर्डर्नले पदबाट राजीनामा दिने घोषणा गरेकी छिन् । यो वर्षको निर्वाचनअघि आफू पदबाट बाहिरिने उनले बिहीबार अप्रत्यासितरूपमा घोषणा गरेकी हुन् । आगामी केही साताभित्र न्युजिल्याण्डमा आम निर्वाचनको घोषणा हुँदैछ । आफू सम्बद्ध राजनीतिक दल लेबर पार्टीको बैठकमा उनले राजीनामाको घोषणा गरेर पार्टीका सदस्यसहित देशवासीलाई आश्चर्यचकित पारेकी छिन् । ४२ वर्षीया आर्डर्नले देशको नेतृत्व गर्न आफूसँग पर्याप्त ऊर्जा नभएको बताइन् । 'म पनि मानव हुँ, सकेसम्म समय दिएँ, अब पुग्यो । अब मरो समय हो,' पार्टी बैठकमा विश्रामको घोषणा गर्दै उनले भनिन् । फब्रुअरी ७ सम्ममा पदबाट बाहिरिने पनि उनले बताइन् । पार्टीका सदस्यले देशलाई नेतृत्व गरेकोमा आभार व्यक्त गरेकी थिइन् ।

कोभिड-१९ को महामारी र त्यसपछिको मन्दी, क्राइस्टचर्च मस्जिदमा आतङ्कवादी आक्रमण र ह्वाइट आइल्याण्ड ज्वालामुखी विष्फोटको कठिन समयमा उनले देशको नेतृत्व गरेकी थिइन् । सन् २०१७ मा ३७ वर्षको उमेरमा प्रधानमन्त्री चुनिएपछि उनी विश्वकै कान्छी महिला सरकार प्रमुख भएकी थिइन् । उनले अब आफ्ना प्रेमी टेलिभिजन प्रस्तोता क्लार्क गेफोर्डसँग लगनगाँठो कस्ने बताएकी छिन् । पाकिस्तानकी प्रधानमन्त्री बेनजिर भुट्टोपछि उनी उच्च पदमा रहेकै बेला आमा बन्ने विश्वको दोस्रो नेत्री भइन् ।

## चीन र रुससँग सैन्य अभ्यास गर्दै दक्षिण अफ्रिका

■ एजेन्सी

जोहानेसवर्ग । रुसले युक्रेनमाथि आक्रमण गरेपछि मस्कोको पक्षमा उभिन आनाकानी गर्दै आएको दक्षिण अफ्रिकाले आगामी महिना आफ्नो समुद्र तटमा चीन र रुससँग संयुक्तरूपमा सैन्य अभ्यास गर्ने घोषणा गरेको छ । विगतदेखि नै चीन र रुससँग सुमधुर रहेको देशको सम्बन्धलाई अझ सुदृढ बनाउन तीनवटै राष्ट्रका सेनाबीच बहुराष्ट्रिय जलसैन्य अभ्यास हुने दक्षिण अफ्रिकी सेनाले बिहीबार बताएको छ । आगामी फेब्रुवरी १७ देखि 'मोसी' संयुक्त सैन्य अभ्यास हुने दक्षिण अफ्रिकाको राष्ट्रिय प्रतिरक्षा बलले जनाएको हो । तीन देशका जलसेनाको यो दोस्रो संयुक्त अभ्यास हुनेछ । चार वर्षअघि यस्तै अभ्यास केपटाउनमा भएको थियो । सैन्य कारबाहीलगायत आधारभूत सीप र ज्ञान आदानप्रदान गर्न आफ्ना चिनियाँ र रुसी समकक्षीसँग देशका तीन सय ५० सैनिक कर्मचारीले संयुक्त अभ्यासमा भाग लिने दक्षिण अफ्रिकी सेनाले जनाएको छ । दक्षिण अफ्रिका ब्राजिल, रुस, भारत र चीन सदस्य रहेको ब्रिक्सको हालै अध्यक्ष बनेको हो । अमेरिका र युरोपेले नेतृत्व गरेका विश्वव्यापी शासनका संरचनालाई चुनौती दिन ब्रिक्स स्थापना भएको ठानिन्छ । दक्षिण अफ्रिकाले युक्रेनमाथि रुसले गरेको आक्रमणको निन्दा गर्न अस्वीकार गरेको छ । पश्चिमा राष्ट्रले भने रुसमाथि धेरै किसिमका प्रतिबन्ध लगाएका छन् ।